# आगलागी आकस्मिक योजना, २०८० बर्दिया

## Fire Contingency Plan, 2023

जिल्ला विपद् व्यवस्थापन समिति, बर्दिया

जिल्ला आपतकालिन कार्य संचालन केन्द्र, बर्दिया

अनुमोदन मिति २०७९/१२/१३

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
गुलरिया, बर्दिया
Google Plus Code: 683V+HM Gulariya

०८४-४२०१३३ प्र.जि.अ.
०८४-४२००९५ स.प्र.जि.अ./प्र.अ.
०८४-४२०१३२ प्र.अ.
०८४-४२०२७६ प्रशासन
०८४-४२०२४५ फ्याक्स
०८४-४२०९९९ DEOC
website:daobardiya.moha.gov.np
email:daobardiya@moha.gov.np
daobardiya@gmail.com

प.सं.:०७८/०७९
च.नं.: स्था.प्र./

## प्राक्कथन

बर्दिया जिल्ला सुख्खा मौसममा आगलागीजन्य विपद्का घटनाहरुको उच्च जोखिम रहेको छ। आगलागीजन्य विपद् जोखिम न्यूनीकरण एवम् प्रतिकार्यमा सरोकारवालाहरुबीच समन्वय गरी परिचालित हुन एवम् क्षमता अभिवृद्धि गर्ने उद्देश्यले प्रस्तुत आगलागी आकस्मिक योजना, २०८० तयार गरिएको छ। विगतमा भएको क्षति, पूर्वतयारी तथा प्रतिकार्यबाट सिकिएका कुराहरुलाई समावेश गरी वि.सं. २०७९ साल देखि आगलागी आकस्मिक योजना निर्माण भई कार्यान्वयनमा आईरहेकोमा अद्यावधिक गरी प्रस्तुत योजना तयार पारिएको छ ।

आगलागीका कारण बर्दिया जिल्लामा धेरै धनजनको क्षति हुने गरेको छ। विपद्बाट हुने जोखिम न्यूनीकरण गर्नका लागि विपद् पुर्वतयारी तथा प्रतिकार्य योजना (DPRP), २०६८ को १२ औं अद्यावधिक संकरण, २०७९ प्रकाशित गरी सोही योजना अन्तर्गत रही यो आगलागी आकस्मिक योजना, २०८० निर्माण गरिएको छ। आगलागीजन्य विपद्का कारण हुनसक्ने जोखिम न्यूनीकरण गर्नका लागि योजनाको कार्यान्वयनमा संघ, प्रदेश एवम् स्थानीय तह गरी तीनै तहका सरकार, विषयगत क्षेत्र, विकास साझेदार सरोकारवाला संघ संस्थाहरुले महत्वपूर्ण योगदान गर्दै आएका छन्। यति हुँदा हुँदै पनि विगतको सिकाई तथा चुनौतीहरुबाट पाठ सिक्दै जिल्ला तहबाट समन्वयात्मक भूमिकालाई थप प्रभावकारी र स्थानीय तहहरुलाई अझ बढी जिम्मेवार बनाउन सबै तह बीच समन्वय हुन आवश्यक छ।

योजना अद्यावधिक गर्ने क्रममा जिल्ला विपद् व्यवस्थापन समितिका सदस्यहरुको सक्रियता प्रति आभारी छु। त्यसैगरी, विगत देखि सहयोग पुर्याउदै आएका सबै संघसंस्थाहरुलाई धन्यवाद दिन्छु। योजना निर्माण लेखनमा सक्रिय भूमिका निर्वाह गर्ने सहायक प्रमुख जिल्ला अधिकारी श्री रमेश पाण्डेय, प्रशासकीय अधिकृतद्वय लोक प्रसाद ढकाल र दामोदर ज्ञवाली, कम्प्युटर अपरेटर श्री गंगाराम अधिकारी र DEOC मा रही तथ्याङ्क संकलन गर्ने रेडियो अपरेटरलाई विशेष धन्यवाद छ ।

अन्त्यमा, यस योजनाले विपद्का समयमा गरिने प्रतिकार्यलाई सहज र योजनाबद्ध गर्न थप मद्दत गर्नेछ भन्ने विश्वास लिएको छु ।

धन्यवाद ।

२०८०।१२।१२

नारायण प्रसाद रिसाल
प्रमुख जिल्ला अधिकारी
एवम्
अध्यक्ष
जिल्ला विपद् व्यवस्थापन समिति, बर्दिया

चैत्र, २०७९

## सावधानी अपनाउने हो भने आगलागी–डढेलोबाट हुने धन–जनको क्षति कम गर्न सकिन्छ ।



# आधारभुत मानविय मापदण्डका गुणस्तर र उत्तरदायित्वहरू






| | |
|---|---|
| दस्तावेज: | आगलागी आकस्मिक योजना, २०८० बर्दिया<br>Fire Contingency Plan, 2023 |
| प्रकाशक: | जिल्ला विपद् व्यवस्थापन समिति, बर्दिया |
| सर्वाधिकार: | ©प्रकाशकमा |
| सल्लाहकार: | श्री नारायण प्रसाद रिसाल, प्रमुख जिल्ला अधिकारी, बर्दिया |
| सम्पादक: | श्री रमेश पाण्डेय, सहायक प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय<br>श्री लोक प्रसाद ढकाल, प्रशासकीय अधिकृत, जिल्ला प्रशासन कार्यालय<br>श्री दामोदर ज्ञवाली, प्रशासकीय अधिकृत, जिल्ला प्रशासन कार्यालय |
| कम्प्यूटर: | श्री गंगाराम अधिकारी, कम्प्यूटर अपरेटर, जिल्ला प्रशासन कार्यालय, बर्दिया |
| जोखिम नक्शां: | गुलरिया, मधुवन, राजापुर, ठाकुरबाबा, बाँसगढी र बारबर्दिया नगरपालिका तथा बढैयाताल र गेरुवा गाउँपालिका |

# District Emergency Operation Center (DEOC) Bardiya

## Municipality and Rural Municipality Fire hazard Map, Bardiya



विषय सूचि


१ पृष्ठभूमी ........ १

२. उद्देश्यः ........ ३

३ जिल्लामा आगलागीका घटनाहरु ........ ६

४. पँहुच ........ ७

५. विपद् परिदृश्य तथा योजनाको अवधारणाः ........ ८

६. समन्वय तथा जिम्मेवारी ........ ८

७. पूर्वतयारी प्राथमिकताः ........ ९

८ जिल्लामा उपलब्ध बारुण यन्त्रहरुको विवरण : ........ १०

९. बर्दिया जिल्लामा परिचालन हुनसक्ने जनशक्ति बिवरण : ........ ११

१०. जिल्लामा उपलब्ध हुन सक्ने उद्दार तथा राहत सामाग्रीहरु : ........ ११

११. विषयगत क्षेत्रहरुको विवरण : ........ १५

१२. सरोकारवाला निकायको जिम्मेवारी ........ १६

१३. प्रतिकार्य सम्बन्धी क्रियाकलापहरुको विवरण : ........ १८

१४. आगलागीको जोखिम न्यूनीकरण गर्ने पूर्व तयारीहरु : ........ २२

१५. दमकलमा भर्नका लागि पानीका श्रोतहरुको विवरणः ........ २५

अनुसूची–१ पानीको श्रोत रहेको स्थानीय तह एवम् वडा नं. सहित ........ २७

अनुसूची-२ सुरक्षा यूनिटहरुको विवरणः ........ ३०

अनुसूची–३ स्वास्थ्य कार्यालय तथा केन्द्रहरुको विवरणः ........ ३४

अनुसूची-४ नेपाल रेडक्रस सोसाइटीको शाखाहरुको विवरणः ........ ३७

अनुसूची-५ जिल्लामा संचालनमा रहेका एम्बुलेन्सहरुको विवरणः ........ ३७

अनुसूची-६ विपद् व्यवस्थापनका क्षेत्रमा काम गर्ने संघसंस्थाहरुको विवरणः ........ ३८

अनुसूची-७ आगलागीजन्य विपद्को समयमा विपद् सूचना संयन्त्र ........ ४०

# आगलागी आकस्मिक योजना, २०८०

## १ पृष्ठभूमी

बर्दिया जिल्ला समुद्री सतहवाट १३८ देखि १२७९ मिटरको उचाइमा फैलिएर रहेको छ। बहु-प्रकोपका घटनाहरुबाट उत्पन्न विपद्का कारण बर्षेनी ठुलो मात्रमा जनधनको क्षति हुने गरेको छ ।बर्षका महिनाहरु मध्य चैत्र, वैशाख, जेष्ठ र असारको समयमा समुद्री सतहवाट २०० देखि ४०० मिटरसम्म अत्याधिक गर्मी बढी भएको पाइन्छ भने यसको मध्य पहाडी भु-भागमा पनि महसुस गरिन्छ। सोही कारण विहानको समयमा केहि कम तापक्रम रहेता पनि दिउसोको समयमा तापक्रम उच्च हुदैं जान्छ। यस समयमा औसत तापक्रम २० देखि ४२ डिग्री वा सो भन्दा वढी पनि मापन गरिएको छ ।यस मौसममा हावाको तापक्रममा बृद्धि हुने तथा लु चल्ने हुदाँ कतिपय मानिसहरुले यसैका कारण ज्यान गुमाउनु परेको छ ।

विगतका तथ्याङ्कलाई हेर्दा फाल्गुण देखि जेष्ठसम्मको अवधि आगलागी घटनाहरु अरु महिना भन्दा बढी हुने गरेको पाइन्छ । हाम्रा साना गल्ती तथा लापरवाहीले क्षण भरमा हाम्रो घर, धन सम्पति तथा अन्न पातहरु जलेर नष्ट हुन् सक्छन् । प्रत्येक वर्ष हाम्रो देशमा प्रशस्तै आगलागी भै ठुलो मात्रामा धनजनको क्षति भईरहेको छ । यस वर्ष २०७९ बैशाख देखि फागुन २१ गतेसम्मको तथ्याङ्कलाई हेर्दा २८ वटा आगलागीका घटनाहरु भएका छन् जसवाट २ जना मानिस घाइते भएका छन् भने १६ वटा चौपायाको मृत्यू भएको र १४ वटा घाइते भएका छन्। यस घटनाबाट करिव रु. ९१,४१,०००/- बरावरको अनुमानित क्षति भएको छ।


आगलागी नियन्त्रणका लागि सवै सरोकारवाला निकाय सरकारी, गैरसरकारी संघ संस्थाहरु तथा नागरिक समाज लगायतको संयूक्त सकारात्मक पहल भईरहेको छ तथापी नीतिगत, कानूनी, संरचनागत, कार्यक्रम र अनुगमनको कमि कमजोरीका कारण प्रभावकारी ढंगले आगलागी नियन्त्रण हुन सकिरहेको छैन । आगलागी जन्य विपद् व्यवस्थापनको पूर्वतयारीको कमि र आगलागी पश्चात समुदाय तथा बस्तीमा पर्ने जोखिमलाई न्यूनीकरण गर्न जिल्ला विपद् व्यवस्थापन समितिले विगतका वर्षहरुवाट योजना बनाई कार्यान्वयन गर्ने प्रयास गरिरहेको छ।

यस जिल्लामा पनि मानिसहरुको असावधानीका कारणवाट हरेक वर्ष आगलागी भई व्यक्तिको मृत्यु हुनुका साथै पशुपन्छी, अन्नबालीमा समेत प्रतिकुल प्रभाव परी धेरै मात्रामा नोक्सान हुने गरेको छ । यस वर्ष पनि गर्मीयामको समय भईसकेको छ। बर्दिया जिल्लामा विगत वर्षमा जस्तै मौसमको प्रतिकुलता र वातावरणमा आउने परिवर्तनबाट आगलागी हुन सक्ने सम्भावना छ। यसबाट विशेष गरी सीमान्तकृत वर्ग, पिछडिएको क्षेत्रका बासिन्दा लगाएतलाई प्रभाव पर्न सक्ने देखिन्छ भने उक्त वर्गलाई पर्न सक्ने जोखिमलाई न्यूनीकरण गर्न, आवश्यक श्रोत साधनको पूर्व प्रवन्ध गर्न, सचेतना अभिवृद्धि गर्न, आगलागी प्रभावित परिवारलाई उपलब्ध गराइनु पर्ने उद्दार तथा राहतको कार्यलाई व्यवस्थित र प्रभावकारी वनाउनका लागी

यो आकस्मिक कार्ययोजना जिल्ला विपद् व्यवस्थापन समिति, बर्दियाको मिति २०७९/१२/१२ मा बसेको बैठकको निर्णयानुसार तयार पारिएको हो ।

सरोकारवाला निकाय, स्थानीय तह, नेपाल रेडक्रस सोसाइटी, स्वास्थ्य कार्यालय, डिभिजन वन कार्यालय, मानवीय सहयोगको क्षेत्रमा कार्यरत संघ-सस्थाहरु र विभिन्न सरकारी तथा गैर-सरकारी निकाय संघ/सस्थाहरु समेतको सहभागितामा सहयोगको व्यवस्था मिलाउने गरी यो योजना तर्जुमा गरिएको छ ।

**बर्दिया जिल्लामा सन् २०२१ मार्च ०५ देखि २०२२ मार्च ०५ सम्म समुदायमा भएका आगलागीका घटनाहरुको नक्साङ्कन विवरण**




आगलागी सम्बन्धी जानकारी :

**आगो**

इन्धन ताप र अक्सिजन एकै समयमा उत्पन्न भै तिनको मिश्रणबाट उत्पादन हुने शक्ति वा तत्व नै आगो हो । जसमा यी तिन तत्वको मिलनबाट निस्कने रसायनको प्रतिकृया देखिन्छ र आगो बल्छ । यी तीनतत्वहरु मध्ये कुनै एकलाई भिन्न गराउन सकेमा आगो नियन्त्रण समेत गर्न सकिन्छ।

**आगलागी**

दहन क्रियाबाट आगोको ज्वाला र ताप उत्पन्न भई नियन्त्रण भन्दा बाहिर गएमा त्यसलाइ आगलागी भनिन्छ । यस क्रियामा तीव्र एवम् दिगो अक्सिकिरण प्रक्रिया संलग्न हुदाँ विभिन्न परिमाणमा ज्वाला र ताप उत्पन्न हुने गर्दछ ।



> म आगो हुँ । मानिसलाई म नभई हुँदैन । पकाउन र उज्यालोका लागि मेरै मद्दत चाहिन्छ ।
>
> होशपूर्वक चलायो भने म राम्रो साथी हुँ । होश नगरी चलायो भने मेरै कारण घर–गोठ, टोल र बस्ती खरानी हुन सक्छन् । यसैले, मलाई प्रयोग गर्दा होश पुऱ्याउनु होला है !



## २. उद्देश्यः

- आगलागीबाट हुनसक्ने क्षतिलाई न्यूनीकरण गर्दै सिमित श्रोत र साधनको अधिकतम उपयोग गरी स्थानीय विपद् व्यवस्थापन समिति तथा जिल्ला विपद् व्यवस्थापन समितिवाट गरिने पुर्व तयारी तथा प्रतिकार्य शीघ्र, उपयुक्त र प्रभावकारी बनाउने,
- आगलागी भईहालेमा त्यसबाट हुने क्षति कम गर्ने तर्फ उपायहरु अबलम्बन गर्ने,
- विपद्को समयमा प्रभावकारी ढङ्गले प्रतिकार्यमा सहभागी हुनका लागि पद्धती, संरचनाहरु बनाउने तथा उपयुक्त तयारी गर्ने,
- श्रोत तथा क्षमतामा कमी तथा संरचनाहरुमा क्षति हुँदा पनि प्रभावकारी प्रतिकार्यमा जिल्ला विपद् व्यवस्थापन समिति ,स्थानीय विपद् व्यवस्थापन समिति/स्थानीय तह सबै मिलि विपद् प्रतिकार्य सम्बन्धी कार्यहरु सुचारु बनाउने,
- आपतकालीन प्रतिकार्यका लागी प्रभावकारी परिचालन, जिल्ला विपद् व्यवस्थापन समिति ,स्थानीय विपद् व्यवस्थापन समिति लगायत सबै तहका संरचनाहरुको प्रयोग सुनिश्चित गर्नका लागि प्रकृयाहरु स्थापित गरिने,
- प्रचारप्रसार मार्फत आगलागीको रोकथाम र नियन्त्रणका उपायबारे जानकारी दिने,

- आगलागी क्षति, प्रभाव र नियन्त्रणका उपायहरु लक्षित वर्गसम्म पु-याउने,
- आगलागी नियन्त्रणका लागी सरोकारवाला निकायहरुबीच समन्वय र सहकार्य गरी प्रभावकारी रुपमा आगलागी र डढेलो नियन्त्रण गर्ने ।

**आगलागीका कारणहरुः**

- आगोको प्रयोगपछि त्यसको बेवास्ता गर्नु, चुरोट, बिंडीका ठूटाहरु ननिभाई जथाभावी फाल्नु,
- चुल्होमा आगो राख्ने परम्परा कायम रहनु,
- घरहरु एक आपसमा जोडेर बनाइनु र छानाहरु खर तथा छवालीले छाउनु,
- सलाइ, लाइटर जथाभावी राखिनु वा केटाकेटीको पहुच हुनु,
- प्रज्वलनशील पदार्थको जतन नगरिनु, हुरी बतास, चटयाङ्ग पर्नु,
- जङ्गलमा घाँस बढाउन र जनावरको शिकार गर्न आगो लगाउनु, शत्रुतापूर्ण व्यवहार/वैमनश्यता राख्नु,
- करेन्ट शर्ट भएर, विद्युतीय उपकरणको प्रयोग पश्चात उचित रुपमा बन्द नगर्नु
- स्टोभ, ग्यांस सिलिण्डर पड्कनु, बम पड्काउनु,

**आगलागीले सबैभन्दा बढी प्रभावित हुने समुहहरु :**

- बृद्ध मानिसहरु तथा बालबालिका,
- आगोको नजिक काम गर्ने व्यक्ति,
- अपाङ्गता भएका ब्यक्ति,
- मानसिक रुपमा अशक्त भएका ब्यक्ति,
- अल्कोहलजन्य पदार्थ सेवन गर्ने ब्यक्ति,
- गरिव परिवारका व्यक्ति, निहित स्वार्थ रहेका ब्यक्ति ।

**आगो नियन्त्रणका लागि सहयोग पुग्ने साधनहरुः**

- पानी, हरिया घाँस पात, माटो, रसायनिक पदार्थ (बजार क्षेत्रको लागि)
- आगो लागेको घरसंगै जोडिएका घरको केही भाग भत्काउने वा छानो भत्काएर फाल्ने (तराई क्षेत्रमा)
- स्थानीय स्तरमा प्राप्त हुने आगो निभाउन प्रयोग गरिने सामग्री ।

**आगलागी नियन्त्रण गर्ने तरीका :**

- रसायनिक पदार्थहरुको प्रयोग गरी, बलिरहेको भागमध्ये बीचको भाग हटाउने
- घरका छानाहरु अलग गर्ने, स्थानीय श्रोत र साधनहरुको प्रयोग गर्ने
- स्याउला, केराको पात, माटो, वालुवा आदीको प्रयोग गर्ने,
- करेन्ट शर्ट भएमा पहिले मेन स्वीच बन्द गर्ने,
- बलेको आगोमा पानी हाल्न लगातार यू आकारमा मानिसहरु बसी पानी हाल्ने

**नियन्त्रण गर्दा ध्यान दिनुपर्ने कुराहरु :**

- आगलागी भएको ठाउँमा भित्र जानुपरेमा सीप भएको व्यक्ति मात्र जाने,
- यसरी भित्र जाँदा भिजेको कपडा, बोरा, कम्बल आदी ओढी डोरी कम्मरमा बाँधेर निहुरिएर जाने,

- आगो लागेको मानिसलाई दौडन नदिने। उसलाई भुईंमा सुताएर टाउको देखि पैतालासम्म कम्बल वा बोराले ढाकिदिने ।


**रोकथाम तथा न्यूनीकरणका उपायहरु :**

- आगोको प्रयोगपछि उचित तरिकाले निभाउने,
- आगलागी हुन सक्ने वस्तु केटाकेटीले नभेट्ने ठाउँमा राख्ने
- चुरोट, बिंडीका ठूटाहरु निभाएर मात्र फाल्ने,
- प्रज्वलनशील पदार्थहरु आगोबाट टाढा राख्ने,
- चुल्होमा आगो राख्ने परम्परा हटाउने,
- समुदायमा जनचेतनाको विकास गर्ने,
- सम्भावित खतरास्थल खाली गर्ने,
- सम्भावित प्रकोप क्षेत्रको नक्शाङ्कन गर्ने
- सुरक्षित वाइरिङ्ग व्यवस्था अपनाउने,
- सकेसम्म घरहरु जोडेर नबनाउने
- सकेसम्म घरका छानाहरु खर, छवालीले नछाउने

**पूर्वतयारीका उपायहरुः**

- प्रभावकारी सञ्चार व्यवस्था गर्ने,
- प्रभावकारी पूर्वसूचना प्रणाली विकास गर्ने
- घर वरिपरी कुवा, इनार, पोखरीको व्यवस्था गरी पानीको जगेर्ना गर्ने
- आपत्कालीन सेवाका टेलिफोन नम्बरहरु राख्ने,
- घर वरिपरी रुख विरुवाहरु लगाउने
- डोरी, बोरा, कपडा, बाल्टिन, कुटो कोदालो आदीको जगेर्ना गर्ने
- तालिम, भेलाको आयोजना गरी जनचेतना, ज्ञान, सीपमा बृद्धि गर्ने
- पूर्व अभ्यास गर्न व्यवस्था मिलाउने,
- सीप भएका व्यक्तिहरुको सूची तयार गर्ने
- पूर्वतयारी योजना तयार गरी कार्यान्वयन गर्ने

**बर्दिया जिल्लाको आगलागी जोखिम नक्सा**




जिल्लामा विगतका वर्षहरुमा भएको आगलागी सम्बिनधी घटनाहरुको अधार तथा स्थानी विपद् व्यवस्थापन समिती सम्पर्क व्यक्तीहरुको सूचना आधारमा यस बर्दिया जिल्लाको ८ वटै स्थानीय तहका ७५ वटा वडाहरुमा आगलागीको जोखिम रहेको तथा वन संग जोडियका र मुक्त कमैया तथा सुकुम्वासी बस्तीहरुमा आगलागीका घटनाहरु धेरै हुने अनुभवका आधारमा गाड खैरो रंगले जोखिम स्तर उच्च हल्का खैरो रंगले मध्यम र सेतो रंगले न्यून जोखिम देखाइएको छ।

## ३ जिल्लामा आगलागीका घटनाहरु

बर्दिया जिल्लामा गर्मीको समयमा (चैत्र, वैशाख, जेष्ठ महिना देखि असार/साउनसम्म) तातो हावा लु चल्ने र अत्याधिक गर्मी हुने गर्दछ।गर्मीबाट केटाकेटी, अपाङ्गता भएका व्यक्ति, गरीब परिवार, महिला, जेष्ठ नागरिक लगायतका वर्ग अत्याधिक गर्मी सहित आगलागीको उच्च जोखिममा रहन्छन्। यस जिल्लामा विगत लामो समय देखि गर्मीयाममा जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय बिपत तथा जलवायु उत्थानशील समिति, रेडक्रस सोसाइटी तथा अन्य गैर-सरकारी संस्थाहरुले वढी प्रभावित बस्तीहरुमा जनचेतनामूलक गतिविधिहरु गर्दै आएको छ। यस वर्ष पनि ५००० (पाँच हजार) घर परिवार आगलागीबाट प्रभावित हुन सक्ने आँकलन गरिएको छ । जस मध्ये तपसिल अनुसारको तालिकामा प्रभाव स्तर देखाउन खोजिएको छ ।

**तपसिल**

| जिल्ला | उच्च प्रभाव | मध्यम प्रभाव | न्यून प्रभाव |
|---|---|---|---|
| बर्दिया | १००० | १५०० | २५०० |

### आगलागीवाट प्रभावित हुन सक्ने क्षेत्रहरु

नेपाल प्रहरी र जिल्ला आपतकालीन कार्य संचालन केन्द्रको तथ्यांक अनुसार बर्दियामा बाँसगढी नगरपालिका र बढैयाताल गाउँपालिका बढी जोखिममा र प्रभावित पनि बढी भएको देखिन्छ भने क्रमशः गुलरिया नगरपालिका, राजापुर नगरपालिका, बारबर्दिया नगरपालिका, मधुबन नगरपालिका, ठाकुरबाबा नगरपालिका र गेरुवा गाउपालिकालाई मध्यम प्रभावित क्षेत्रमा राखिएको छ । जिल्ला भरिमा आगलागीबाट प्रभावित हुनसक्ने अनुमानित विपन्न परिवार संख्या (५,००० घरधुरीका) ५०,००० जना हुन सक्ने प्रारम्भिक अनुमान गरिएको छ ।

| क्रस | स्थानीय तह | जनसंख्या | | | |
|---|---|---|---|---|---|
| | | घरधूरी | पुरुष | महिला | जम्मा |
| १ | गुलरिया नगरपालिका | १३०६४ | ३३४२७ | ३४१५२ | ६६६७९ |
| २ | मधुवन नगरपालिका | ९५६९ | २१५०३ | २४९३४ | ४६४३७ |
| ३ | बाँसगढी नगरपालिका | ११२३१२ | २६३०२ | २९५७३ | ५५८७५ |
| ४ | बारर्बर्दिया नगरपालिका | १३२६८ | ३५३३६ | ६८०१२ | ३२६७३ |
| ५ | ठाकुरबाबा नगरपालिका | ८६५२ | २०७६४ | २३५४९ | ४४३१५ |
| ६ | राजापुर नगरपालिका | १०९१५ | २८९२१ | ३०६३२ | ५९५५३ |
| ७ | गेरुवा गाउपालिका | ६१३५ | १६४३४ | १८१३७ | ३४७७१ |

| ८ | बढैयाताल गाउपालिका | १०३३३ | २२२९६ | २५५७२ | ४७८६८ |
|---|---|---|---|---|---|
| **जम्मा** | | ८३१४८ | २०२३२० | २२१८८५ | ४२३५१० |

**बर्दिया जिल्लाको विगत १५ बर्षको आगलागीको घटना विवरणः**

| क्र.सं. | आ.ब. | घरपरिवार | प्रभावित घरपरिवार | मृत्यु | बेपत्ता | घाइते |
|---|---|---|---|---|---|---|
| १ | २०६४/०६५ | २६ | ११९ | ० | ० | ४ |
| २ | २०६५/०६६ | २४ | १२५ | ० | ० | ४ |
| ३ | २०६६/०६७ | २७ | १४२ | ० | ० | २ |
| ४ | २०६७/०६८ | ४१ | २८२ | ० | ० | ० |
| ५ | २०६८/०६९ | ५४ | ३४२ | ० | ० | ४ |
| ६ | २०६९/०७० | १३४ | ८०४ | ० | ० | ० |
| ७ | २०७०/०७१ | ४३ | २४३ | ० | ० | ० |
| ८ | २०७१/०७२ | २८ | १९५ | ० | ० | ० |
| ९ | २०७२/०७३ | २९ | १६० | २ | ० | २ |
| १० | २०७३/०७४ | २२ | १५१ | ० | ० | ० |
| ११ | २०७४/०७५ | ४६ | १३३ | ० | ० | ० |
| १२ | २०७५/०७६ | ८७ | ८६ | १ | ० | १ |
| १३ | २०७६/०७७ | ५५ | ५५ | ० | ० | १ |
| १४ | २०७७/०७८ | ९० | ५५० | ० | ० | ११ |
| १५ | २०७८/०७९ | ४७ | ३७ | २ | ० | १ |
| १६ | २०७९/८० | २८ | २८ | ० | ० | २ |

## ४. पँहुच

बर्दिया जिल्लामा बिगतका दिनका अनुभवहरुलाई केलाउँदा गर्मी तथा आगलागी हुने समयमा हावाहुरी हुने गरेको पाइएको छ ।

- आगलागी को समयमा जिल्लाका सवै जसो स्थानहरुमा तातो हावा तथा हावाहुरीका कारण अत्याधिक गर्मी भई सडक दुर्घटना हुंदा यातायातको साधन प्रयोग गर्दा त्रासको महसुस गर्ने गरिएको,

- अत्याधिक गर्मीको कारण घर देखि वाहिर निस्कन नसक्ने अवस्था रहने गरेको,
- विगत वर्षको अनुभवका आधारमा आगलागीका कारण वायूमण्डलमा प्रदुषण भई मानिसहरुमा स्वास्थ्य समस्या देखा पर्ने गरेको छ, आँखा दुखे तथा पोल्ने र शासप्रस्वासमा समस्या,
- गर्मीको कारण लक्षण सहितका कोभिड-१९को बिरामीहरुको सख्या बढ्न सक्ने अबस्था आई पर्न सक्ने देखिएको।

## ५. विपद् परिदृश्य तथा योजनाको अवधारणाः

विभिन्न प्रकारका प्रकोपबाट उत्पन्न हुने विपद्बाट प्रभावित जिल्लाको सूचीमा बर्दिया पनि रहेको छ। जिल्लामा हरेक वर्ष बाढी, आगलागी, शितलहर, हावाहुरी, जनावरको आक्रमण र सडक दुर्घटना, सर्पदंश जस्ता प्राकृतिक तथा गैर-प्राकृतिक विपद्का कारण जनधनको क्षति हुने गरेको छ । जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७८ मा प्रकोपलाई स्तरीकरण गर्दा आगलागी दोस्रो स्थानमा देखिएको साथै आगलागी तथा नियमित भईरहने देखिएकोले विपद्को समयमा मानवीय सहायतालाई प्रभावकारी रुपमा अघि बढाउन आवश्यक छ। जिल्लामा विपद्को सामना गर्ने क्षमता अभिवृद्धिका विभिन्न कार्यक्रम र योजनामध्ये आपतकालीन समयमा मानव जीवनको रक्षा र सम्पत्तिको संरक्षण गर्ने उद्देश्यका लागि जिल्ला विपद् व्यवस्थापन समिति, बर्दियाले आगलागी आकस्मिक योजना **(Fire Contingency Plan)** तयार गरी यसलाई महत्वपूर्ण दस्तावेजको रुपमा ग्रहण गरेको छ। विपद्को समयमा विपद् प्रभावितको जीवन र सम्पत्तिको संरक्षण तथा सुरक्षा एवम् मानव जीवनमाथि पर्ने प्रतिकूल प्रभावको सामना गर्न बर्दिया जिल्लामा उपलव्ध साधन/स्रोतको अधिकतम उपयोग गर्दै प्रभावित समुदायलाई व्यवस्थित, प्रभावकारी र जवाफदेहीयुक्त तरिकाले मानवीय सहयोग उपलब्ध गराउनु तथा विपद् जोखिम न्यूनीकरणका कार्यलाई संस्थागत रूपमा प्रबर्द्धन गर्नु आवश्यक छ ।

## ६. समन्वय तथा जिम्मेवारी

- जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनामा उल्लेख भए वमोजिमका क्षेत्रगत निकाय सवैले कार्ययोजना तयार पारी आगलागीको पूर्वतयारी तथा प्रतिकार्यको काममा तयार रहने।
- आगलागी प्रभावितहरूलाई विना भेदभाव राहत उपलव्ध गराउने र सो क्रममा विशेषगरी बालबालिका, जेष्ठनागरिक, अपाङ्गता भएका व्यक्ति, सुत्केरी तथा गर्भवती महिला, गरिबीको चपेटामा परेका व्यक्तिलाई प्राथमिकता दिएर उद्दार एवं मानवीय सहयोग उपलब्ध गराई मानव जीवन रक्षा गर्नै ।
- आगलागीको प्रभावबाट सुरक्षित राख्रे उपायहरुको सम्वन्धमा स्थानीय स्तरमा विपद् व्यवस्थापन सम्वन्धि कार्य गर्ने सवै सरकारी तथा गैरसरकारी संघ सस्थाहरु समेत जोखिम न्यूनीकरण सम्बन्धी क्रियाकलापमा सक्रिय रहने ।
- कोभिड-१९को सक्रमणबाट गर्मीयाममा झनै बढ्ने विज्ञहरुको राय अनुसार सो को प्रभावकारी नियन्त्रण गर्न जोखिम न्यूनीकरणका लागी योजना तर्जुमा लगायतका आवश्यक व्यवस्था मिलाउने।


- विपद्को समयमा संघिय सरकार, प्रदेश सरकार, स्थानीय तह, दातृ निकाय, सबै क्षेत्र, सहयोगी संस्था तथा नागरिक समाजबीच समन्वय कायम गर्ने।
- नियमित रूपमा अनुगमन गरी सबै विषयगत क्षेत्रहरूलाई परिचालन गर्नु र पृष्ठपोषण दिनु ।
- आगलागीबाट प्रभावित हुन सक्ने क्षेत्र, गाउँ, टोल, परिवारहरुको पहिचान गरी राहत तथा उद्धारको लागी जिल्ला अगुवा सहयोगी संस्था (DLSA) को समन्वयमा सवै सरोकारवाला निकायहरुलाई आवश्यक सामाग्रीहरुको पूर्व प्रवन्ध गरी तयारी अवस्थामा राख्ने र राख्ने व्यवस्था मिलाउने ।
- गर्मीयाममा हुन सक्ने स्वास्थ्य सम्वन्धि समस्यालाई न्यनिकरण गर्न स्वास्थ्य कार्यालय र सम्वन्धित पालिकाहरुले जनचेतनामूलक कार्यक्रम तत्काल संचालन गर्ने र स्वास्थ्यकर्मी तथा औषधीहरु तयारी अवस्थामा राख्ने व्यवस्था मिलाउने ।
- आगलागीको जोखिम न्यूनीकरणका लागी सचेतनात्मक सन्देशमूलक सूचना एवम् जानकारी स्थानीय संचार माध्यम मार्फत स्थानीय भाषामा समेत उक्त सन्देशमुलक सामाग्रीहरु प्रशारण गर्न स्थानीय संचार माध्यम, स्थानीय तह, स्वास्थ्य कार्यालय र गैरसरकारी संघ/संस्था तथा निकायवाट प्रचार प्रसार गर्ने व्यवस्था मिलाउने ।
- जिल्ला स्थीत सवै सरकारी कार्यालय तथा गैर सरकारी कार्यालयहरुमा राखिएका अग्नि नियन्त्रक सामग्री/यन्त्रहरु तयारी अवस्थामा राख्ने ।

## ७. पूर्वतयारी प्राथमिकताः

- विपद्संग सम्बन्धित सरोकारवाला निकायहरुसंग समन्वय बैठक गर्ने ।
- जिल्ला भित्रका सबै स्थानीय तहका विपद् व्यवस्थापन समितिहरुलाई जनचेतना मुलक कार्य गर्न लगाउने
- जिल्ला भित्रका सबै स्थाननिय तहका विपद् व्यवस्थापन समितिहरुमा आगलागी पूर्वतयारी कार्यशाला संचालन गर्ने/गर्न लगाउने।
- विपद् पूर्वतयारी सम्बन्धी अभिमुखीकरण गर्ने/गराउने ।
- स्थानीय तहका संकटासन्न क्षेत्रको नक्साकन गर्ने ।
- विषयगत समितिहरुको नियमित बैठक गर्ने/गराउने।
- जिल्लामा थप ५००० राहत सेट व्यवस्थापनका लागी सरोकारवाला निकायमा पहल गर्ने ।
- सवै स्थानीय तह तथा सरोकारवाला निकाय संग समन्वय गरि आवश्यक पर्ने सामग्री पहिले नै जोहो गरी राख्ने/राख्न लगाउने ।
- स्थानीय एफ.एमहरुवाट जनचेतनामुलक सामाग्रीहरु प्रसारण गर्ने/गराउने ।
- जल तथा मौसम विज्ञान विभागले जारि गर्ने ३ दिने बुलेटिन बमोजिमको जानकारी सम्बन्धित निकायहरुलाई उपलब्ध गराउने व्यवस्था मिलाई सोहि अनुरुपको पूर्वतयारी गर्न परिचालित गर्ने/गराउने।

## ८ जिल्लामा उपलब्ध बारुण यन्त्रहरुको विवरण :

| क्रस | स्थानीय तह | उपलब्ध स्थान | सम्पर्क व्यक्ति | सम्पर्क न. |
|---|---|---|---|---|
| १ | गुलरिया नगरपालिका | गुलरिया नगरपालिका | सरिफ अहमद जोलाह | ९८१२४४४९३७ |
| २ | मधुवन नगरपालिका | मधुवन नगरपालिका | राम बहादुर चौधरी | ९८४८२१९००२ |
| ३ | बाँसगढी नगरपालिका | बाँसगढी नगरपालिका | मनोज चौधरी | ९८६९७०५०६५ |
| ४ | राजापुर नगरपालिका | राजापुर नगरपालिका | इन्द्र बहादुर चौधरी | ९८६८२३६८४४ |



## ९. बर्दिया जिल्लामा परिचालन हुनसक्ने जनशक्ति बिवरण :

क. स्थानीय बासीहरु
ख. नेपाल प्रहरी
ग. सशस्त्र प्रहरी बल नेपाल
घ. नेपाली सेना
ङ. तालिम प्राप्त स्वयम् सेवक

## १०. जिल्लामा उपलब्ध हुन सक्ने उद्दार तथा राहत सामाग्रीहरु :

| सि.नं. | क्रियाकलाप | कसले | कहाँ |
|---|---|---|---|
| १ | त्रिपाल कम्मल, भाडा अस्थाई आवासका लागी काठ संकलन तथा व्यवस्थापन | नगरपालिका तथा गाउँपालिकाहरु, नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा तथा उपशाखाहरु, कमैया महिला जागरण समाज, उद्योग वाणिज्य संघ लगायतका अन्य सहयोगी सस्थाहरु मार्फत त्रिपाल कम्मल तथा भाडा, अस्थाई आवासका लागी काठ संकलन तथा व्यवस्थापन र वितरण | आवश्यकतानुसार जिल्लाको विभिन्न स्थानहरुमा |
| २ | राहत वितरण | स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति, सम्बन्धित स्थानीय तहहरु, जिल्ला प्रशासन कार्यालय, सुरक्षाकर्मी, नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा उपशाखाहरु र उद्योग वाणिज्य संघ साथै अन्य सहयोगी सस्थाहरु | प्रभावित क्षेत्रमा |
| ३ | एम्वुलेन्स सेवा | एम्बुलेन्स संचालक संघ र संस्थाहरुहरु | जिल्ला भरी |
| ४ | स्वास्थ्य शिविर | जिल्ला अस्पताल, स्वास्थ्य कार्यालय, सम्बन्धित स्थानीय तहहरु अन्तर्गतका स्वास्थ्य शाखा इकाइ र स्वास्थ्य सेवा प्रदायक संघ सस्थाहरु | प्रभावित क्षेत्रमा |
| ५ | विपद् सम्बन्धी सुचना तथा जनचेतना | जिल्ला आपतकालीन कार्य संचालन केन्द्र, स्वास्थ्य कार्यालय, पत्रकार महासंघ, संचार माध्यमहरु तथा सम्बन्धित स्थानीय तहहरु | जिल्ला भरी |
| ६ | सुचना व्यवस्थापन | जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्र, स्थानीय आपतकालिन कार्यसञ्चालन केन्द्र तथा सम्बन्धित स्थानीय तहहरु | जिल्ला भरी |

## उद्दार सामाग्री विवरणहरु :

| SN | Particular | Unit | Nepal Army Gulariya | | Nepal Police | | Nepal Armed Police | | Nepal Army (Thakur dwara) | DEOC | | Total | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | Total Stock | Need/ Gaps | Total Stock | Need/ Gaps | Total Stock | 2021 Need | Stock | Stock | Need/Gaps | Stock | Need/Gaps |
| 1 | Almunium Ladder | Pc | 1 | 1 | 0 | 10 | 2 | 0 | 0 | 2 | 3 | 5 | 14 |
| 2 | Blanket | Pc | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 3 | Calson Hand Pump 4'' | Pc | 0 | 3 | 0 | 0 | 0 | 0 | 0 | 3 | 0 | 3 | 3 |
| 4 | Carrabiner (With Lock) | Pc | 5 | 15 | 5 | 10 | 10 | 0 | 0 | 7 | 20 | 27 | 45 |
| 5 | Climbing Rope | Mt | 1 | 2 | 1 | 0 | 1 | 0 | 1 | 6 | 4 | 9 | 6 |
| 6 | Crowbar 22mm | Pc | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 8 | 0 | 8 | 0 |
| 7 | Dispensary Tents | Set | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 2 | 0 | 2 | 0 |
| 8 | Fire Extinguisher ( ABC) | Pc | 1 | 5 | 2 | 6 | 2 | 15 | 0 | 11 | 5 | 16 | 31 |
| 9 | First Aid Kit | Pc | 1 | 5 | 1 | 37 | 1 | 5 | 1 | 3 | 4 | 6 | 51 |
| 10 | Foldable Table and Chair Set | Set | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 1 | 0 | 1 | 0 |
| 11 | Foot Pump | Pc | 0 | 0 | 0 | 0 | 2 | 3 | 0 | 2 | 2 | 4 | 5 |
| 12 | Gloves | Pair | 22 | 0 | 30 | 0 | 32 | 0 | 10 | 30 | 94 | 114 | 94 |
| 13 | Hand Held Search Light | Pc | 6 | 1 | 5 | 40 | 5 | 20 | 0 | 2 | 16 | 18 | 77 |
| 14 | Handing Cyron | Pc | 1 | 0 | 0 | 0 | 0 | 0 | 0 | 20 | 1 | 21 | 1 |
| 15 | Invertor | Pc | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 2 | 0 | 2 | 0 |
| 16 | Life Buoy | Pc | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 4 | 0 | 4 | 0 |
| 17 | Life Jackets | Pc | 60 | 0 | 145 | 50 | 65 | 50 | 10 | 49 | 280 | 319 | 380 |
| 18 | Magephone | Pc | 3 | 2 | 8 | 10 | 7 | 20 | 2 | 19 | 20 | 37 | 52 |
| 19 | Metal Bucket | pc | 20 | 0 | 50 | 100 | 40 | 50 | 10 | 27 | 120 | 137 | 270 |
| 20 | Paddles | Pc | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 18 | 0 | 18 | 0 |
| 21 | Pick Axe | Pc | 20 | 0 | 25 | 20 | 20 | 20 | 0 | 5 | 65 | 70 | 105 |
| 22 | Rescue Hammer | Pc | 5 | 0 | 15 | 5 | 10 | 0 | 5 | 9 | 35 | 39 | 40 |
| 23 | Rescue Vest | Pc | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 10 | 0 | 10 | 0 |
| 24 | Rubber Boat | Pc | 0 | 3 | 0 | 0 | 1 | 1 | 10 | 3 | 11 | 4 | 15 |
| 25 | Rubber Gumboot | Pair | 20 | 20 | 35 | 50 | 30 | 100 | 0 | 34 | 24 | 119 | 194 |
| 26 | Rubber Tube | pc | 1 | 9 | 20 | 20 | 15 | 10 | 0 | 24 | 24 | 60 | 63 |
| 27 | Shovel | Pc | 33 | 0 | 65 | 40 | 55 | 50 | 10 | 14 | 24 | 167 | 114 |
| 28 | Static Rope | Roll | 2 | 2 | 0 | 0 | 20 | 0 | 0 | 3 | 7 | 25 | 9 |
| 29 | Steel Container | Pc | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 1 | 1 | 1 | 1 |
| 30 | Still Box | Pc | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 7 | 10 | 7 | 10 |
| 31 | Stretcher | Pc | 9 | 0 | 15 | 25 | 10 | 0 | 2 | 7 | 12 | 41 | 37 |
| 32 | Tarpaulin | pc | 30 | 0 | 0 | 0 | 30 | 20 | 0 | 18 | 60 | 78 | 80 |
| 33 | Torch Light | Pc | 10 | 0 | 40 | 20 | 30 | 10 | 10 | 3 | 24 | 83 | 54 |
| 34 | Umbrella | Pc | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 29 | 0 | 29 | 0 |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 35 | Axe( Bancharo) | Pc | 9 | 0 | 16 | 15 | 15 | 0 | 5 | 2 | 45 | 42 | 60 |
| 36 | Big aari | Pc | 6 | 0 | 10 | 0 | 6 | 10 | 0 | 0 | 22 | 22 | 32 |
| 37 | Firefighting Cloth Set | Pc | 3 | 0 | 0 | 0 | 0 | 0 | 0 | 5 | 3 | 8 | 3 |
| 38 | Diging Tools (Faruwa) | Pc | 16 | 0 | 42 | 40 | 39 | 50 | 10 | 9 | 100 | 106 | 190 |
| 39 | Sheet Harness | Pc | 0 | 0 | 0 | 0 | 10 | 0 | 0 | 5 | 10 | 15 | 10 |
| 40 | Gal | Pc | 10 | 0 | 12 | 10 | 5 | 0 | 0 | 11 | 20 | 38 | 30 |
| 41 | Mask | Pc | 25 | 15 | 0 | 0 | 25 | 0 | 0 | 0 | 50 | 50 | 65 |
| 42 | Head Light | Pc | 7 | 0 | 5 | 0 | 8 | 0 | 0 | 1 | 12 | 21 | 12 |
| 43 | Raincoat | Pc | 15 | 25 | 30 | 100 | 25 | 150 | 10 | 33 | 24 | 103 | 299 |
| 44 | Aaria | Pc | 2 | 2 | 0 | 0 | 3 | 0 | 0 | 0 | 6 | 5 | 8 |
| 45 | Tent Big Inner | Pc | 4 | 0 | 0 | 0 | 5 | 0 | 0 | 0 | 12 | 9 | 12 |
| 46 | Tent Big Outer | Pc | 4 | 0 | 0 | 0 | 5 | 0 | 0 | 0 | 12 | 9 | 12 |
| 47 | Electric chain airy | Pc | 1 | 2 | 2 | 0 | 1 | 2 | 1 | 1 | 6 | 5 | 10 |
| 48 | Through bag | Pc | 2 | 9 | 2 | 0 | 2 | 10 | 0 | 20 | 24 | 26 | 43 |
| 49 | Gal | Pc | 5 | 0 | 0 | 0 | 0 | 0 | 0 | 5 | 12 | 10 | 12 |
| 50 | Hasiya | Pc | 5 | 0 | 15 | 50 | 10 | 50 | 5 | 0 | 12 | 30 | 112 |
| 51 | Safety helmet | Pc | 10 | 30 | 40 | 40 | 20 | 0 | 10 | 44 | 24 | 114 | 94 |
| 52 | GPS | Pc | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 2 | 6 | 2 | 6 |
| 53 | Mobile | Pc | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 8 | 10 | 8 | 10 |

**ख) स्थानीय तहमा रहेका खोज तथा उद्धार सामग्रीहरुको विवरण:**

| क्र. स. | सामाग्रीहरुको नाम | इकाई | गेरुवा गापा | राजापुर नपा | बारवर्दिया नपा | ठाकुरवावा नपा | मधुवन नपा | गुलरिया नपा | वडैयाताल गापा | बासँगढी नपा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Life Jackets | थान | 92 | 145 | 99 | 26 | 23 | 26 | 3 | 3 |
| 2 | Syron | थान | 19 | 33 | 5 | 0 | 0 | 0 | 0 | 0 |
| 3 | Megaphone | थान | 20 | 46 | 37 | 6 | 5 | 2 | 1 | 1 |
| 4 | Rope (M) | मिटर | 1000 | 1498 | 7200 | 100 | 50 | 100 | 50 | 50 |
| 5 | Carbineer | थान | 0 | 5 | 2 | 0 | 0 | 0 | 0 | 0 |
| 6 | Boat Wood | थान | 2 | 6 | 1 | 0 | 0 | 0 | 0 | 0 |
| 7 | Shovel | थान | 11 | 26 | 64 | 6 | 3 | 6 | 3 | 3 |
| 8 | Bucket | थान | 14 | 57 | 26 | 24 | 12 | 24 | 12 | 12 |
| 9 | Pick AXE | थान | 1 | 1 | 57 | 0 | 0 | 0 | 0 | 0 |
| 10 | Whistle | थान | 17 | 22 | 190 | 44 | 38 | 12 | 6 | 6 |
| 11 | Working gloves | जोर | 12 | 20 | 188 | 20 | 12 | 16 | 8 | 8 |
| 12 | First aid kit bag (small) | थान | 3 | 5 | 61 | 4 | 2 | 4 | 2 | 2 |
| 13 | Rubber Tube | थान | 4 | 6 | 6 | 8 | 6 | 4 | 2 | 2 |
| 14 | Torch Light | थान | 1 | 1 | 1 | 32 | 32 | 0 | 0 | 0 |
| 15 | Stretcher | थान | 2 | 3 | 3 | 6 | 5 | 2 | 1 | 1 |
| 16 | Jerkin | थान | 10 | 24 | 6 | 4 | 2 | 4 | 2 | 2 |
| 17 | Foot /Head lamp | थान | 1 | 2 | 2 | 6 | 6 | 2 | 1 | 1 |
| 18 | Still Box | थान | 4 | 11 | 30 | 2 | 1 | 2 | 1 | 1 |
| 19 | hammer | थान | 1 | 10 | 30 | 2 | 1 | 2 | 1 | 1 |

| क्र. स. | सामाग्रीहरुको नाम | इकाई | गेरुवा गापा | राजापुर नपा | बारवर्दिया नपा | ठाकुरवावा नपा | मधुवन नपा | गुलरिया नपा | वडैयाताल गापा | बासँगढी नपा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 20 | Gal | थान | 5 | 13 | 4 | 4 | 2 | 4 | 2 | 2 |
| 21 | Mask | थान | 6 | 12 | 180 | 12 | 6 | 12 | 6 | 6 |
| 22 | Crowbar | थान | 3 | 6 | 62 | 6 | 3 | 6 | 3 | 3 |
| 23 | Gumboot | जोर | 6 | 12 | 180 | 12 | 6 | 12 | 6 | 6 |
| 24 | Rain coat | जोर | 6 | 12 | 180 | 12 | 6 | 12 | 6 | 6 |
| 25 | Safety helmet | थान | 6 | 12 | 180 | 12 | 6 | 12 | 6 | 6 |
| 26 | Hasiya | थान | 1 | 2 | 2 | 2 | 1 | 2 | 1 | 1 |
| 27 | Wire cutter | थान | 0 | 0 | 28 | 0 | 0 | 0 | 0 | 0 |
| 28 | Backpack | थान | 0 | 0 | 168 | 0 | 0 | 0 | 0 | 0 |
| 29 | Spray paint | थान | 0 | 0 | 28 | 0 | 0 | 0 | 0 | 0 |
| 30 | Pry bar | थान | 0 | 0 | 56 | 0 | 0 | 0 | 0 | 0 |
| 31 | Hack saw | थान | 0 | 0 | 56 | 0 | 0 | 0 | 0 | 0 |
| 32 | Hand washing soap | थान | 0 | 0 | 336 | 0 | 0 | 0 | 0 | 0 |
| 33 | Water guard | थान | 0 | 0 | 112 | 0 | 0 | 0 | 0 | 0 |
| 34 | Medical glove | जोर | 0 | 0 | 196 | 0 | 0 | 0 | 0 | 0 |
| 35 | Mask (surgical) | थान | 0 | 0 | 336 | 0 | 0 | 0 | 0 | 0 |
| 36 | Oral Rehydration Salt | थान | 0 | 0 | 336 | 0 | 0 | 0 | 0 | 0 |
| 37 | Zinc Tablet | पत्ता | 0 | 0 | 168 | 0 | 0 | 0 | 0 | 0 |
| 38 | Apron | थान | 0 | 0 | 28 | 0 | 0 | 0 | 0 | 0 |
| 39 | Kit Bag | थान | 0 | 0 | 168 | 0 | 0 | 0 | 0 | 0 |
| 40 | Head Light | थान | 0 | 0 | 168 | 0 | 0 | 0 | 0 | 0 |
| 41 | Rubber Boat Set | थान | 1 | 0 | 0 | 0 | 2 | 1 | 0 | 0 |

**डिभिजन वन कार्यालयसँग रहेका सामग्रीहरु**

| सि.नं. | सामग्रीको विवरण | थान | कैफियत |
|---|---|---|---|
| १ | जमसुट | २६ | |
| २ | हेल्मेट | २६ | |
| ३ | ग्लोभ्स | २६ | |
| ४ | फायर स्वाटर | २६ | |
| ५ | फायर रेक हु | २६ | |
| ६ | व्याक प्याक पानी पम्प | २६ | |

## ११. विषयगत क्षेत्रहरुको विवरण :

| बिषयगत क्षेत्रहरु | अगुवा संस्था | सदस्यहरु | |
|---|---|---|---|
| १) समन्वय तथा सूचना व्यवस्थापन | जिल्ला प्रशासन कार्यालय | जिल्ला समन्वय समिति, नेपाली सेना, सशस्त्र प्रहरी वल नेपाल, नेपाल प्रहरी, नेपाल रेडक्रस सोसाइटी | DEOC, नेपाल टेलिकम स्थानीय एफ.एम., पत्रपत्रिका नेपाल पत्रकार महासंघ राष्ट्रिय अनुसन्धान, कर्णाली वेसीन कार्यालय, CSDR/PA, KMJS Nepal, RKJS |
| २) खोज तथा उद्धार | जिल्ला प्रशासन कार्यालय, | नेपाली सेना, सशस्त्र प्रहरी वल नेपाल, नेपाल प्रहरी, गाउँपालिकाहरु, नगरपालिकाहरु, नेपाल रेडक्रस सोसाइटी | DEOC, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय ईलाका प्रहरी कार्यालयहरु बर्दिया राष्ट्रिय निकुञ्ज कार्यालय, ठाकुरद्वारा |
| ३) गैर खाद्य सामग्री र शिविर व्यवस्थापन | शहरी विकास तथा भवन निमार्ण विभाग, संघीय आयोजना कार्यान्वयन इकाइ, नेपालगञ्ज र नेपाल रेडक्रस, बर्दिया शाखा | सामुदायिक वन उपभोक्ता महासघ, सुरक्षा निकाय, एक्सन एड नेपाल, युनिसेफ, डिभिजन वन कार्यालय, प्लान नेपाल | DEOC, स्थानीय विपद् व्यवस्थापन समिति (प्राविधिक शाखा, शिक्षा शाखा ) उद्योग व्यापार संघ, गैसस महासंघ, कमैया महिला जागरण समाज |
| ४) खाद्य तथा गोदाम व्यवस्थापन | कृषि ज्ञान केन्द्र सम्पर्क कार्यालय, गुलरिया | स्थानीय विपद् व्यवस्थापन समिति, स्थानीय तहका कृषि शाखाहरु, नेपाल प्रहरी, जिल्ला समन्वय समिति विश्व खाद्य कार्यक्रम रेडक्रस, एक्सनएड नेपाल | नेपाल खाद्य संस्थान राजापुर, कमैया महिला जागरण समाज नेपाल, गैसस महासंघ, जिल्ला खाद्य अधिकार संजाल, उद्योग वाणिज्य संघ, |
| ५) खानेपानी तथा सरसफाई | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय दाङ फिल्ड कार्यालय बर्दिया | नेपाल रेडक्रस सोसाइटी, वेस बर्दिया, जनजागरण महिला संघ | युनिसेफ, प्लान, कमैया महिला जागरण समाज नेपाल |
| ६) संरक्षण | जिल्ला प्रशासन कार्यालय | जिल्ला वालकल्याण समिति नेपाल प्रहरी, जि.स.स. युनिसेफ, एक्सन एड् नेपाल, नेपाल रेडक्रस सोसाइटी, प्लान नेपाल | राधाकृष्ण थारु जनसेवा केन्द्र, कमैया महिला जागरण समाज नेपाल, दलित महिला उत्थान संघ, माइति नेपाल, शक्ति समुह, ओरेक नेपाल |
| ७) स्वास्थ्य तथा पोषण | स्वास्थ्य कार्यालय, बर्दिया | जिल्ला अस्पताल, स्थानीय विपद् व्यवस्थापन समिति, जिल्ला समन्वय समिति,नेपाल रेडक्रस ,आयुर्बेद अस्पताल | सरकारी स्वास्थ्य सेवा प्रदायक निकायहरु, युनिसेफ, सेभ द चिल्ड्रेन, जनजागरण महिला संघ, सामुदायिक स्वास्थ्य केन्द्रहरु, औषधि व्यवसायी संघ |
| ८) आपत्कालिन शिक्षा | शिक्षा बिकास तथा समन्वय इकाई | सम्वन्धित स्थानीय तहमा रहेका शिक्षा बिकास शाखाहरु, जिल्ला समन्वय समिति, एक्सन एड् नेपाल युनिसेफ, प्लान नेपाल, जिल्ला समन्वय समिति | प्याब्सन, एन प्याब्सन आरकेजेएस, बेस बर्दिया, कमैया महिला जागरण समाज नेपाल |

| बिषयगत क्षेत्रहरु | अगुवा संस्था | सदस्यहरु | |
|---|---|---|---|
| ९) पुन:स्थापना तथा पुर्ननिर्माण | शहरी विकास तथा भवन निमार्ण विभाग, संघीय आयोजना कार्यान्वयन इकाइ, नेपालगञ्ज डिभिजन कार्यालय | डिभिजन वन कार्यालय, खानेपानी तथा सरसफाई डिभिजन कार्यालय बाँके फिल्ड कार्यालय बर्दिया, बबई सिंचाई आयोजना, नेपाल विद्युत प्राधिकरण, स्थानीय विपद् ब्यवस्थापन समिति (प्राविधिक शाखा ) | सा.वन उपभोक्ता समितिहरु, नेपाल टेलिकम, जिल्लामा कार्यरत अन्तर्राष्ट्रिय गैससहरु, एक्सन एड नेपाल, केयर नेपाल, कमैया महिला जागरण समाज, नेपाल रेडक्रस सोसाइटी |

## १२. सरोकारवाला निकायको जिम्मेवारी

| क्र.सं. | निकायको नाम | जिम्मेवार व्यक्ति | जिम्मेवारी |
|---|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालय/जिल्ला विपद् व्यवस्थापन समिति | प्रमुख जिल्ला अधिकारी | • समन्वयात्मक र नेतृत्वदायी भूमिका निर्वाह गर्ने<br>• आवश्यकता अनुसार क्षेत्रिय तथा केन्द्रिय स्तरमा सहयोगका लागी समन्वय गर्ने |
| २ | जिल्ला समन्वय समिति | जिल्ला समन्वय अधिकारी | • समन्वयात्मक कार्यमा सहयोग गर्ने |
| ३ | स्थानीय तहहरु | प्रमुख/ अध्यक्ष | • नेतृत्वदायी भूमिका निर्वाह गर्ने<br>• विषयगत क्षेत्रसँग समन्वय गरि राहत कार्यमा सहयोग गर्ने<br>• आवश्यकता अनुसार क्षेत्रिय तथा केन्द्रिय स्तरमा सहयोग (मानवीय, आर्थिक, भौतिकको लागि समन्वय)<br>• तथ्यांक संकलन तथा ब्यवस्थापन<br>• स्थानीय तह अन्तर्गतका स्वास्थ्य सस्थालाई सक्रिय एवं तयारी हालतमा राख्ने |
| ४ | सुरक्षा निकायहरु | प्रमुख तथा प्रतिनिधि | • सुरक्षा व्यवस्था गर्ने<br>• विषयगत समितीमा रहि सहयोग गर्ने<br>• राहत वितरणमा सहजीकरण गर्ने<br>• आपतकालीन उद्दार कार्यमा परिचालन हुने |
| ५ | राजनैतिक दलहरू | दलका प्रमुख/प्रतिनिधि | • समन्वय<br>• स्रोत संकलनमा सहयोग<br>• कार्यकर्ता एवं जनपरिचालन गर्ने<br>• आपसी सदभाव र सहयोग कायम गराउने |
| ६ | जिल्ला आपतकालिन कार्य संञ्चालन केन्द्र | सूचना व्यवस्थापन अधिकृत | • सूचना संकलन, समन्वय, संप्रेषण<br>• तथ्यांक ब्यवस्थापन<br>• राहत वितरणको समन्वय गर्ने |

| क्र.सं. | निकायको नाम | जिम्मेवार व्यक्ति | जिम्मेवारी |
|---|---|---|---|
| | | | • आवश्यकता र उपलब्धताको पहिचान गरी जानकारी गराउने |
| ७ | जिल्ला अगुवा सहयोगी निकाय | अध्यक्ष/प्रतिनिधि | • स्रोतको खोजी गर्ने<br>• राहत वितरणमा समन्वय गर्ने<br>• कोभिड-१९ समेतलाई मध्येनजर राखी बिषयगत क्षेत्रको अगुवा भूमिका निर्बाह गर्ने |
| ८ | नेपाल रेडक्रस सोसाइटी | सभापति | • राहत, खाद्यसामाग्री तथा अस्थाई आवास ब्यवस्थापन<br>• आपतकालीन आवास तथा बन्दोबस्ती व्यवस्थापनमा सहयोग गर्ने |
| ९ | विषयगत सरकारी कार्यालय | कार्यालय प्रमुखहरु | • विषयगत समितीमा रहि क्षेत्रगत अगुवा भूमिका निर्वाह गर्ने<br>• सम्बन्धित कार्यालयको आपत्कालिन योजना निर्माण गर्ने<br>• राहत वितरणको सहजीकरण गर्ने<br>• सामग्री जुटाउने ,समन्वय गर्ने |
| १० | सबै उद्योग वाणिज्य संघ | अध्यक्ष/प्रतिनिधि | • त्रिपाल, कम्मल लगायत अन्य आवश्यक सामग्री संकलन वितरण र व्यवस्थापनमा सघाउने<br>• आवश्यक सहयोग गर्ने |
| ११ | यातायात व्यवसायी प्रा.लि.हरु | अध्यक्ष/प्रतिनिधि | • राहत तथा उद्धार कार्यका लागी यातायातका साधनहरु र आवश्यकता अनुसार जनशक्ती उपलब्ध गराउने । |
| १२ | संचार माध्यमहरु | नेपाल पत्रकार महासंघ, सञ्चारकर्मीहरु | • सूचना संकलन तथा सम्प्रेषण<br>• सचेतनामुलक सूचना तथा समाचार सम्प्रेषण गरी जनचेतना अभिवृद्दि गर्ने। |
| १३ | नागरिक समाज | संयोजक | • राहत कार्यमा सहयोग तथा समन्वय<br>• मानव अधिकारको संरक्षण तथा समाधानमा सहयोग पुर्याउने |
| १४ | पेशागत व्यवसायी समतिहरु | अध्यक्ष/प्रतिनिधि | • राहत संकलन, वितरण र उद्धार तथा संरक्षण कार्यमा सहयोग गर्ने |

| क्र.सं. | निकायको नाम | जिम्मेवार व्यक्ति | जिम्मेवारी |
|---|---|---|---|
| १५ | गै.स.स.महासंघ, राष्ट्रिय तथा अन्तराष्ट्रिय गै.स.स. | अध्यक्ष/प्रतिनिधि | • मानव स्रोत परिचालन गर्ने<br>• स्रोत साधन संकलनमा सहयोग गर्ने<br>• गै.स.स .बीच समन्वय<br>• क्षमता विकास तथा सहजिकरण कार्य गर्ने<br>• जनचेतना जगाउने |
| १६ | जिल्ला अस्पताल | प्रमुख | • गर्मीयाममा हुने रोगब्याधि उपचारका लागी प्रयाप्त तयारी अबस्थामा रहने<br>• लक्षण सहितका कोभिड १९ सङ्क्रमितको जाच/ परिक्षण र उपचारको लागी उपलब्ध श्रोत साधनको व्यवस्था मिलाई तयारी अबस्थामा रहने<br>• आवश्यक समन्वय गरी श्रोत साधन जुटाउने/परिचालन गर्ने |
| १७ | स्वास्थ्य कार्यालय | प्रमुख | • कोभिड १९ समेतलाई मध्येनजर राखी बिषयगत क्षेत्रको अगुवा भूमिका निर्बाह गर्ने<br>• जिल्ला स्थित स्वास्थ्य सस्थाहरुलाई आवश्यक सहयोग उपलब्ध गराउदै सक्रिय राख्ने<br>• श्रोत साधन जुटाउने, समन्वय एवं परिचालन गर्ने |

## १३. प्रतिकार्य सम्बन्धी क्रियाकलापहरुको विवरण :

### अ. आगोको प्रकृति अनुसार वर्गिकरण

अग्नी अथवा आगो रासायनिक दृष्टिकोणबाट एक जैविक पदार्थहरुको कार्वन तथा अन्य तत्वहरुकव अक्सिजनसँग एक प्रकारकव संयोग हो जसबाट धुवाँ, गर्मी/तातो र प्रकाश उत्पन्न हुन्छ । अग्निको ठूलो उपयोगिता छ । चिसोमा हात-खुता तताउने, हरेक दिन चुल्होमा खाना पकाउने देखि लिएर परमाणु बमद्धारा ठुला ठुला भौतिक संरचनाहरुलाई एकै छिनमा नष्ट गरिदिने जस्ता सबै कामहरु आगोले नै गर्छ ।आगो उत्पन्न हुनका लागि पदार्थको अनिवार्य उपस्थिति हुनुपर्ने भएकाले यिनै पदार्थहरुको आधारमा यसलाई ६ प्रकारमा विभाजन गरिएको छ ।

क. **वर्ग ए आगो (Class A):** ठोस पदार्थमा लाग्ने आगोलाई ए (A) क्लासमा राखिएको छ। जसको आफ्नै वजन, आकार र स्थान ओगटेर बसेको हुन्छ । यस प्रकारको इन्धन कागज, काठ, कपडा, प्लाष्टिक जस्ता सुख्खा ज्वलनशील पदार्थबाट बनेको हुन्छ । यस प्रकारको

आगो निभाउनका लागि मानिसहरुको समूहले वा उपकरणले आगोबाट ताप हटाउनका लागि पानीको प्रयोग गर्दछ । यसरी निभाइएको आगो पुर्ण रुपमा ननिभुञ्जेलसम्म धुवाँ आइरहन्छन्। आगो निभाएपछि जलेका र जल्न सक्ने सामग्रीहरुलाई आगलागी भएका भवनबाट टाढा हटाउनु पर्छ।

ख. **वर्ग बी आगो (Class B):** यस बर्गको आगो सामान्यतया ग्रीज, पेट्रोलियम पदार्थ, रंग वा प्रज्वलनशील तरल पदार्थमा हुने आगलागी हो । तरल पदार्थको वजन हुन्छ तर आकार हुँदैन। पानीको मात्रा नभएका वा कम भएका तरल पदार्थहरुमा आगलागीको सम्भावना बढी हुन्छ। यस वर्गको आगलागी निभाउनका लागि सुख्खा रसायन, कार्बनडाइअक्साइड वा अन्य उपकरणको प्रयोग गरिन्छ।

ग. **वर्ग सी आगो (Class C):** यस बर्गको आगो सामान्यतया इन्धनका रुपमा प्रयोग गरिने विभिन्न प्रकारका ग्याँसमा हुने आगलागी हो। ग्याँस पदार्थको वजन तथा आकार हुदैन। इन्धनको रुपमा प्रयोग गरिने जुनसुकै ग्याँस पदार्थहरुमा आगलागीको सम्भावना बढी हुन्छ । यस वर्गको आगलागी निभाउनका लागि सुख्खा रसायन, कार्वनडाईअक्साइड वा अन्य उपकरणको प्रयोग गरिन्छ । यसका साथै आगलागी क्षेत्रमा फेलन नदिनका लागि चिस्यान कायम गरिन्छ।

घ. **वर्ग डी आगो (Class D):** धातुमा लाग्ने आगोलाई यस वर्गमा राखिएको छ। यस प्रकारका आगलागी अत्यधिक रुपमा औद्योगिक क्षेत्रमा हुने गर्दछ । यस प्रकारको आगलागीबाट अन्यमा भन्दा बढी क्षति हुने र निभाउन पनि कठिनाई हुन्छ । यस वर्गको आगलागी निभाउनका लागि माथी उल्लेख गरिएका सबै प्रकारका आगो निभाउन प्रयोग गरिने उपकरण तथा सामग्रीहरु प्रयोग गरिन्छ।

ङ. **वर्ग इ आगो (Class E):** विद्युतीय सर्ट सर्किटका कारण हुने आगलागीलाई यस वर्गमा राखिएको छ । विद्युत आफैमा आगलागीको इन्धन नभएर तापको श्रोत हो । यसबाट उत्पन्न हुने झिल्का(Spark) को अन्य इन्धनको सम्पर्कमा आउँद आगलागी हुन्छ।यसबाट हुने आगलागी रोक्नका लागि सबभन्दा उत्तम उपाय विद्युत लाइन काट्ने नै हो र त्यसपछि माथिका B र C मा निभाउन प्रयोग गर्ने उपकरणहरु यसमा पनि प्रयोग गर्न सकिन्छ।

च. **वर्ग के आगो (Class K):** विशेष गरी भन्सामा हुने आगलागीलाई यस वर्गमा राखिएको छ।हरेक भान्सा एउटा प्रयोगशाला जस्तो हो । यहाँ ठोस, तरल, ग्यास र विद्युत जस्ता सबै प्रकारका इन्धन रहेका हुन्छन् र हालसम्म भएका आगलागीलाई हेर्ने हो भने सबैभन्दा बढी यही प्रकारको आगलागी भएको र क्षति पनि सोही अनुसार भएको पाइन्छ। यस प्रकारको आगो निभाउन सबभन्दा पहिला कुन वर्गको आगलागी हो त्यसको पहिचान गरी सोही अनुसारका यन्त्र तथा उपकरणहरु प्रयोग गर्नुपर्दछ।

### आ. आगलागीको स्थान अनुसार प्रकारः

आगोको प्रकोप र अन्य विपद् धेरै कारणहरुले हुन्छन्, जसमध्ये केही हाम्रो आफ्नै कारणबाट र केही हाम्रो नियन्त्रण बाहिरका कारणहरुबाट हुन्छन् । आगोको सामान्य रुपले पनि भयंकर

विनाश निम्त्याउन सक्छ, जसमा जलाउने (आगलागीका) माध्यमबाट भौतिक क्षति गर्ने सम्भावना धेरै रहेको हुन्छ । आगलागीको प्रकोपले मानवीय जीवन र सम्पत्ती क्षति गर्नुका साथै वातावरणीय प्रदुषण र पानीलाई दुषित बनाउने जस्ता नकारात्मक असरहरु पर्दछ। आगोको राम्रो ज्ञान, यसका विशेषताहरु र प्रकृतिले घरमा हुन सक्ने सम्भावित आगलागीका जोखिमहरु पहिचान गर्न क्षमता बढाउँछ र दक्षता अभिवृद्धि र प्रभावकारी पूर्व तयारी गर्न सके आगलागी हुन र फैलनलाई रोक्न सक्षम बनाउँछ । आगलागी भएका स्थान र हाम्रो परिवेश अनुसार यसलाई निम्न तीन प्रकारमा विभाजन गर्न सकिन्छ।

**क. घरेलु आगलागीः**

विभिन्न कारणबाट घरभित्र वा बाहिरबाट घरमा उब्जिएर भएको आगलागीलाई घरेलु आगलागी भनिन्छ। घरहरुमा आगो अचानक आउँछ र चाँडै फैलिन सक्छ र घरहरु नष्ट हुन्छन्, सामग्री र वरपर रहेका सम्पत्ती नष्ट गर्छ र जीवन खतरामा पारिदिन्छ । घरेलु आगो विभिन्न तरिकाले उत्पन्न हुन्छन् र खुल्ला रुपमा राखिएका बल्ने इन्धन वा छिट्टै सल्कन सक्ने बस्तुहरु प्रशस्तै हुने भएकाले सजिलै आगो फैलन सक्छ। घरेलु आगलागी हुनुका प्रमुख कारणहरुमा लापरबाही, आगजनी र चटयाङ्ग रहेका छन । लापरबाही भन्नाले घरमा भएका गलत विद्युत वाइरिङ्ग, विद्युतीय उपकरण, खाना पकाउने उपकरण तथा इन्धन, घर नजिक आगलागी हुनसक्ने फोहोर र सुकेका रुखहरु हुनु, मैनवत्ती र अन्य खुल्ला आगोको लापरवाही पूर्णप्रयोग, धुम्रपान, बच्चाहरुको जिज्ञासुपन, घरबाहिर नजिकै गरिने मासु सेक्ने काम, खुल्ला रुपमा घरमा प्रयोग गरिने टुकीबत्तीहरु र सचेतनाको कमी हुन् । आगजनीलाई अर्कोको सम्पत्तीको गलत नियत वा दुर्भावनाले जलाउने कार्यको रुपमा परिभाषित गरिएको छ । दंगा, हडताल, सामाजिक अशान्तिको बेला घरमा आगजनी हुन वा आगो लगाउन सकिन्छ। चटयाङ्ग पर्ने समयमा विजुली चम्कँदा आगो लाग्न सक्छ । यसबाट धेरै ठुलाठुला आगलागीका घटनाहरु भएका छन् र धेरै मानिसको ज्यान जानुका साथै भौतिक संरचना तथा सम्पत्ति क्षति भएको छ। यसलाई लाइटेनिङ्ग एरेष्टर स्थापना गरेर यसबाट हुने क्षति कम गर्न सकिन्छ।

ख. **वनडढेलोः** वनडढेलो वन, झाडी वा वनस्पतिमा लागेको आगोलाई भनिन्छ जसलाई जंगल, घाँसे मैदान, टुन्ड्रा क्षेत्र जस्ता प्राकृतिक जग्गामा कुनै अनियन्त्रित र नतोकिएको इन्धन वा बोटहरु जलाउने रुपमा वर्णन गर्न सकिन्छ । डढेलोले प्राकृतिक इन्धन जलाउँछ र वातावरणीय अवस्था अनुसार तिब्रतर रुपमा फैलिन्छ । वनडढेलो प्राकृतिक र मानवीय दुई कारणबाट हुने गरेको छ ।

ग. **औद्योगिक आगलागीः** औद्योगिक आगलागी एक प्रकारको औद्योगिक विपद् हो जुन औद्योगिक क्षेत्रमा फेलिएको अनियन्त्रित ज्वाला हो । औद्योगिक आगलागी प्रायजसो विस्फोटका साथ सँगसँगै देखा पर्छ । तिनीहरु प्राय त्यस्ता सामग्रीहरुमा हुने सम्भावना हुन्छ जहाँ धेरै ज्वलनशील सामग्रीहरु उपस्थित रहेका हुन्छन् त्यस्ता सामग्रीहरुमा पेट्रोल, पेट्रोलियम पदार्थहरु जस्तै पेट्रोरसायन वा प्राकृतिक ग्यास समावेश भएका हुन्छन। औद्योगिक आगलागी र विस्फोटनका प्रमुख कारणहरुमा ज्वलनशील धुलो, ताप उत्पन्न गर्ने

काम (वेल्डिङ, कटिङ आदि), ज्वलनशील तरल पदार्थ र ग्यासहरु, उद्योगमा भएका उपकरण र मेसिनरीहरु, विद्युतीय खतराहरु आदी पर्दछन् ।

**इ. आगलागी नियन्त्रण र यसमा प्रयोग हुने उपकरणहरुः**

आगलागीको विपद् कुनै पनि बेला कहीँ पनि घट्न सक्छ । विगतमा भएका आगलागीका घटना र यसबाट भएको क्षतिलाई हेर्दा नेपालमा यो एउटा विनासकारी विपद्का रुपमा देखिएको छ । यसको लागि हामीले परम्परागत रुपमा प्रयोग गर्दै आइरहेको मौलिक ज्ञान र प्रविधिलाई समेत प्रवर्द्धन गर्दै आगामी दिनका लागि प्रभावकारी पूर्व तयारी गरी सावधानी अपनाएमा पछि पछुताउनु पर्ने छैन र यसबाट हुने क्षतिलाई न्यूनीकरण गर्न सकिन्छ । आगलागी नियन्त्रण कार्यलाई निम्न तीन चरणमा विभाजन गरिएको छ ।

क. पहिलो चरणः घटनास्थल पुग्नु भन्दा पहिला गर्ने कार्य विवरण

ख. दोस्रो चरणः घटनास्थल पुगेपछि गर्ने कार्य विवरण

ग. तेस्रो चरणः उद्वार पश्चातको कार्य विवरण

**क. पहिलो चरणः घटनास्थल पुग्नु भन्दा पहिला गर्ने कार्य विवरण**

१. पानी सहितको दमकल (Fire Engine) तयारी गर्ने।

२. व्यक्तिगत सुरक्षा सामग्रीहरु (PPEs) तथा मौसम, समय र भौगोलिक बनोट अनुसारका अन्य अत्यावश्यक बन्दोबस्तीको प्रबन्ध गर्ने।

३. BA(Breathing Apparatus) Set को तयारी गरी Air Pressure चेक गर्ने (कम्तिमा २५० Bar हुनुपर्ने)

४. उद्वारमा खटिने जनशक्तिको कार्य विभाजन, संकेत नम्बर र कल साइन समेत वितरण गर्ने

५. आगलागीको प्रकृति, स्थान, बाटो, दुरी आदिको बारेमा आवश्यक जानकारी लिई कमाण्डरले टोलीलाई ब्रिफिङ गर्ने।

६. नजिकको पानीका श्रोतहरुको विवरण तयार गर्ने।

७. उद्वार सामग्रीहरु (Ladder, BA Set, Hose, Branch, Fire Extinguisher, Rope, Stretcher, संचार सेट आदि) निरीक्षण गरी रुजु गर्ने।

८. स्थानीय प्रहरी लगायत अन्य सरोकारवाला निकायहरुसँग निरन्तर समन्वय गरी घटनाको ताजा विवरण लिइरहने।

९. घटनास्थलमा सुरक्षित एवम् यथाशीघ्र पुग्ने।

**ख. दोस्रो चरणः घटनास्थल पुगेपछि गर्ने कार्य विवरण**

१. सुरक्षित स्थानबाट घटनास्थलको नजिकसम्म पुगी जोखिम क्षेत्रको असर र संभावित जोखिमको सुक्ष्म अवलोकन तथा मूल्याङ्कन गर्ने।

२. स्थानीय प्रहरी र अन्य सरोकारवाला निकायहरुको सहयोगमा घटनास्थल सुरक्षा गर्ने तथा सर्वसाधारणलाई जोखिमबाट टाढा राख्ने।

३. उद्वारकर्ताहरुले व्यक्तिगत सुरक्षा सामग्रीहरु (PPEs) को दुरुस्त प्रयोग गर्ने।

४. संभावित जोखिम (विजुलीको करेन्ट, भवन ढल्न सक्ने जोखिम, विष्फोट हुन सक्ने ग्यााँस सिलिण्डर लगायत खतराजन्य बस्तु आदि) को मूल्याङ्कन गरी सुरक्षा सतर्कता अपनाउने।
५. आगलागीमा कोही व्यक्ति परे वा नपरेको एकीन गर्ने, उद्धार कार्यलाई प्राथमिकीकरण गर्ने।
६. उद्धारकर्ता तथा दमकला अपरेटरले जोडीमा परिचालित भई उद्धार कार्य तथा आगलागी नियन्त्रण गर्ने।
७. टोली कमाण्डर र उद्धारकर्ता बीच निरन्तर संचार सम्पर्कमा रही आगलागी नियन्त्रण र उद्धार कार्यलाई एकै साथ लैजाने।
८. थप पानीको लागि श्रोतको पहिचान गर्ने तथा कृतिम पोखरी आवश्यकता अनुसार निर्माण गर्ने।
९. उद्धारकर्ताले आफ्नो सुरक्षाको विशेष ध्यान दिई BA Set को प्रयोग गर्दा चेतनामूलक आवाज (Warning Beep) को ख्याल गर्ने।

**ग. तेस्रो चरणः उद्धार पश्चातको कार्य विवरण**

१. कमाण्डरले उद्धारकर्मीहरुको स्वास्थ्य अवस्थाका बारेमा जानकारी लिने।
२. उद्धार सामग्रीको संख्या र अवस्थाको निरीक्षण गर्ने।
३. आगलागी नियन्त्रण तथा उद्धार पश्चात मानवीय क्षति, घाइते, पीडित, अनुमानित क्षति, आगलागीको कारण तथा कार्यसम्पादन सम्बन्धमा प्रारम्भिक प्रतिवेदन तयार गरी भए गरेका कार्यको समिक्षा र जाहेर गर्ने एवम् अन्य कानूनी प्रकृया लगायत अभिलेखीकरणका लागि स्थानीय प्रहरीसँग समन्वय गर्ने।
४. सञ्चार माध्यमसँगको सम्पर्क कमाण्डरले मात्र गर्ने तथा आवश्यक विवरण उपलब्ध गराउने।

## १४. आगलागीको जोखिम न्यूनीकरण गर्ने पूर्व तयारीहरु :

**क. सम्बन्धित पालिका र जिल्ला विपद् ब्यबस्थापन समितिले एफ.एम. रेडियो, सामाजिक संजाल, पत्रपत्रिका, सामाजिक अगुवाहरु मार्फत तपसिलका सन्देशहरु प्रशारण गर्ने :**

- हावाहुरी चलेको समयमा आगो बाल्ने नगरौं ।
- शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा झोलिलो खानेकुराहरु खाने गरौं ।
- बालबालिका, जेष्ठ नागरिक, गर्भवती महिला तथा विरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाऔं।
- अत्याधिक गर्मीको कारण विरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि व्यवस्था मिलाऔं ।
- गर्मी मौसममा कोभिड-१९को संक्रमण बढी हुने हुँदा स्वास्थ्य सम्बन्धी मापदण्ड अपनाऔं।

- गर्मीका कारण पशुपंक्षी विरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी उपचार गर्ने व्यवस्था मिलाऔं ।
- सलाई, लाइटर जस्ता प्रज्वलनशील सामग्रीहरु बालबालिकाहरुले नभेट्ने ठाउँमा सुरक्षित राखौं।
- भान्सामा खाना बनाउँदा ग्याँस वा आगो बल्ने अवधिभरी भान्सा छाडेर टाढा नजाऔं ।
- यथासम्भव ग्याँस सिलिण्डरलाई भान्सा कोठाभन्दा बाहिर नै राखौं ।
- सिलिण्डरको पाइप, सिलिन्डर समय–समयमा जाँच गरी कुनै खराबी वा टुटफुट भएमा, तुरुन्त मर्मत गराऔं ।
- खाना बनाइसकेपछि ग्याँसको रेगुलेटर बन्द गर्ने तथा समय–समयमा ग्याँस सिलिण्डर र पाइपको सरसफाई गरौं ।
- ग्याँस सिलिण्डर घर ल्याउन अघि सिल नभएको, तौल कमजस्तो लाग्ने, धेरै गन्हाउने लिक भएको शंकास्पद सिलिण्डर नल्याऔं ।
- घरमा भएका विद्युतीय उपकरणहरू सही अवस्थामा छ/छैन नियमित जाँच गरी नाङ्गो तार, टुटेफुटेका स्वीच, एक्सटेन्सन कर्डलाई मर्मत् तथा परिवर्तन गरौं ।
- एक्सटेन्सन कर्डमा धेरै विद्युत खपत गर्ने आइरन, हिटर, फ्रिज, माइक्रोवेभ ओभन, मोटर तथा अन्य धेरै उपकरण जोडेर एकैचोटी प्रयोग नगरौं ।
- २ पिन स्विचको बदलामा सिधै नाङ्गो तार सकेटमा जोडेर विद्युतीय सामग्री कहिल्यै प्रयोग नगरौं।
- प्रयोग नभएको अवस्थामा विद्युतीय सामग्रीहरू सकेटबाट निकालेर अलग राखौ ।
- राती सुत्ने बेलामा वा घर छाडेर बाहिर जानुपर्दा सम्पूर्ण विद्युतीय उपकरणहरू बन्द गरेर मात्र जाऔं ।
- हावा चलेको अवस्थामा खुला स्थानमा आगो नबालौं, बारी, बाटोमा बालिएको आगो पूर्ण रूपमा निभेको निक्यौल गरौं ।
- घरमा पेट्रोल, डिजेल, मट्टीतेलको भण्डारण नगरौं । गर्नै परेमा बालबालिकाको पहुँचबाट टाढा राखौं।
- घरमा प्रज्ज्वलनशील पदार्थहरू राख्न परे यसलाई छुट्टै, उपयुक्त भाँडोमा राम्रोसँग बिर्को बन्द गरेर मात्र राख्नुहोस्, जहाँ आगोको स्रोत सहजै पुग्न नसकोस् ।
- केटाकेटीले जोखिम आँकलन गर्न सक्दैनन् उनीहरू खेल्ने क्रममा ठूला मानिसको नक्कल गरेर आगोको प्रयोग गर्न सक्दछन् केटाकेटीलाई मात्र घरमा एक्लै नछाड्नुहोस् ।
- घर तथा घर वरपर सरसफाइ कायम राख्नुहोस्
- घर, गोठ खाली छाडेर नजानुहोस्, आफू केही समयका लागी जानुपर्दा छिमेक वा आफन्तलाई हेरचाह गर्न आग्रह गरौं ।
- कोठाभित्र चुरोट नखानुहोस् तथा जथाभावी चुरोटका ठूटा नफ्याकौं ।

**अनेपक्षित आगलागीका पूर्व तयारी :**

- आफ्नो मोबाइलमा वा घरको टेलिफोन सम्पर्क सूचीमा वारुण यन्त्र दमकलको नम्बर सेभ गरेर राख्नुहोस्

- घरमा रहेका पानीका ट्याङ्की पूर्ण रूपमा रित्तो हुञ्जेल प्रयोग नगर्नुहोस्, आकस्मिक अवस्थाको लागी केही मात्रामा पानी जोहो गरेर राख्नुहोस् ।
- घरमा फायर ब्ल्याङ्केट, फायर एक्स्टिनगुसर राख्नुहोस् ।
- कोठामा सिठी, टर्चलाइट सदैव तैयारी अवस्थामा राख्नुहोस् ।
- कोठामा खन्ती, झम्पल, मार्तलजस्ता सामग्री सुरक्षित साथ राख्नुहोस्, जसले आकस्मिक अवस्थामा झ्याल, ढोका फोडेर बाहिर निस्किन सकियोस्
- आफू बसेको घर वा कार्यालयमा आकस्मिक अवस्थामा कसरी सुरक्षित साथ बाहिरिन सकिन्छ त्यसको पहिचान तथा आँकलन गर्नुहोस् ।
- वन क्षेत्रमा डँढेलो लगाउने तथा चुरोट खाएर जथाभावी नफ्याक्नुहोस् ।


**आगलागी भई हालेमा के गर्ने ;**

- तपाईंले कुनै आगलागीको घटना देख्नु भएमा, तत्काल छेउछाउमा रहेका अन्य व्यक्तिलाई पनि खबर गर्नुहोस् र नियन्त्रणमा सहयोगका  लागी आग्रह गर्नुहोस् ।
- आगलागी कसरी भएको जान्ने प्रयास गर्नुहोस् । विद्युतीय वा अन्य आगो
- आगोको आकारमा विचार पुर्‍याउनुहोस्, आगो फैलन सक्ने र आगो तपाईंको नियन्त्रणमा आउने सम्भावना छैन भने तत्काल वारुण यन्त्रलाई खबर गर्नुहोस् ।
- विद्युतबाट आगो लागेको शङ्का लागेमा घरमा रहेको मेनस्विच तत्काल बन्द गर्नुहोस् ।
- विद्युतीय बाहेक अन्य सामान्य सानो आगलागी छ भने पानीको सहायताले निभाउने प्रयास गरौं।
- आगो कोठाभित्र लागेको छ र नियन्त्रण गर्न सम्भव छैन भने कोठाको ढोका बन्द गरौं । यसले आगोलाई सहजरूपमा फैलन दिंदैन ।
- आगलागी भएको स्थानमा अग्नि नियन्त्रक बाहेक अरूलाई प्रवेश गर्न नदियौं।
- आफ्नो ज्यान जोखिममा राखेर आगलागी भएको स्थानबाट सामान निकाल्ने प्रयास नगरौं।
- आगलागी भएको स्थानदेखि नजिकै रहेको मुख्य चौकमा केही सहयोगीलाई वारुण यन्त्रलाई बाटो देखाउनका  लागी पठाऔं ।
- आगलागीबाट केही सामग्री जोगाउन सकिन्छ भने त्यसलाई निकालेर सुरक्षित स्थानमा राखौं ।
- व्यक्तिगत घर तथा कार्यलयहरूमा पनि सुरक्षाको लागि बजारमा सहज र सुपथ मूल्यमा उपलब्ध हुने (आगो निभाउने यन्त्र) फायर एक्स्टिनगुसर, फायर ब्ल्याङ्केट राख्न सकिन्छ जसले आगलागीको शुरुवाती समयमा नै आगलागीलाई नियन्त्रण गरी जन–धनको थप क्षति हुनबाट रोक्न सकिन्छ।

ख. सम्वन्धित क्षेत्रगत अगुवा निकायले प्रचार प्रसारका  लागी उपयुक्त सामाग्रीहरु तयार गरी मातहतका निकायहरुलाई परिचालन गरौं ।

ग. आगलागीको प्रभाव न्यून गर्न स्थानीय तह,, स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिहरुले जोखिममा रहेका विपन्न तथा गरीव परिवारहरुको पहिचान गरी जिल्ला विपद् व्यवस्थापन समिति, नेपाल रेडक्रस सोसाइटी तथा अन्य सहयोगी संस्थाहरुसँग समन्वयको व्यवस्था मिलाउने ।

## १५. दमकलमा भर्नका लागि पानीका श्रोतहरुको विवरणः



# अनुसूचीहरु

## अनुसूची-१ पानीको श्रोत रहेको स्थानीय तह एवम् वडा नं. सहित

**बाँसगढी नगरपालिका :**

| पानीका श्रोतहरु (पोखरी, ताल, इनार र डिग बोरिङहरुको विवरण : | वडा |
|---|---|
| बबईनदी, खोटे खोला, दोन्द्रे खोला, सवाङ्ग खोला चिसी खोला, | १ |
| पिपरहवा टाँडी र च्यामाताल, मुलपानी (१११ मिटर तलबाट निकालिएको),घट्टेखोला र धैरेनी सिचाइ आयोजना, राँझा, बिचटोल, लम्बीफाँटा, अरसेवा र घारीबेतहनी डिगबोरिङ, | २ |
| कुथ्रालगनिया सिचाई आयोजना, सिम्रहवा, बबई नहर, रेउखोला, मानखोला, डुडुवा, लखना माछा पोखरी, सान्ता चन्दको माछापोखरी | ३ |
| जनतामावि गोठवा ताल, चकियाताल, मनिकापुरताल, | ४ |
| निमाहाताल, बाँसगढीताल, मोतिपुरताल, बाह्रबिघा सामुदायिक बनउपभोक्ता समिति ताल, रामपुर सामुदायिक बनउपभोक्ता समिति ताल, सति सामुदायिक बनउपभोक्ता समिति ताल, बनशक्ति सामुदायिक बनउपभोक्ता समिति ताल र बेलटारी सामुदायिक बनउपभोक्ता समिति ताल | ५ |
| बबई नहर,कमल खनाल र बसन्त गुरुङको माछा पोखरी, गोब्रैलाफाँटा सामुदायिक बनको ताल. चिल्डेन पार्कका | ६ |
| बनबर्दीया सामुदायिक बनको ताल, चकियाबाबा सामुदायिक बनको ताल, निलकण्ठ सामुदायिक बनको ताल, कालीगण्डकी प्राबीको माछापोखरी, दशरथचन्द आधारभूत बिद्यालयको माछा पोखरी, बबई सिचाई नहर | ७ |
| बबई सिचाई नहर, रेउखोला, झर्नैया सिचाई आयोजना र भैसा सौर्य सिचाई, लक्ष्मणाताल, बेलौरी सिमताल, त्रिमावि ककौराको ताल, मुर्बिया माछा पोखरी, ककौरा डिग, आयोजना | ८ |
| बबई नहर कोइरेली खल्ला सिमसार ताल माछागढ, हातीखल्ला थुमनीताल शान्तिनगर र तोरैया चटकैया ताल | ९ |

### गुलरिया नगरपालिका

| पानीका श्रोतहरु (पोखरी, ताल, इनार र डिग बोरिङहरुको विवरण : | वडा नं. | अवस्थिति |
|---|---|---|
| बेहनावा नाला | गुलरिया न.पा. १ १६ नम्बर | |
| सरयु नदि | गु.न.पा.२ कृष्णसार हुदै मोहम्मदपुर् गु.न.पा. ११/१२सम्म | |
| बबई नदि | गु.न.पा. २ हुदै मोहम्मदपुर्सम्म | |
| भचना ताल | गु.न.पा. १२ भचना भैंसाहि | |
| इनार | गु.न.पा. का बिभिन्न वडा मा केहि | |
| पोखरी | गु.न.पा. ३ निमकोठिया | |
| पोखरी | गु,न.पा. ३ सिर्कोहिया | |
| पोखरी (८ वटा) | गु.न.पा. बिभिन्न वडामा | |
| बोरिगहरु (हरेक वडा मा लगभग ५००) | गु,न.पा. का प्रत्येक वडा मा ५०० जति | |

**गेरुवा गाउँपालिका :**

| पानीका श्रोतहरु (पोखरी, ताल, इनार र डिग बोरिङहरुको विवरण : | वडा नं. | अवस्थिति |
|---|---|---|
| गेरुवा नदी | १,४,५,६ | |
| कर्णाली नदी | १,२, ३ | |
| बुढी कुलो | १,२,३,४ र ५ | |
| मैनानाला | ५ र ६ | |

**बारबर्दिया नगरगाउँपालिका :**

| पानीका श्रोतहरु (पोखरी, ताल, इनार र डिग बोरिङहरुको विवरण : | वडा नं. | अवस्थिति |
|---|---|---|
| कुमरगड्डी ताल, टर्रौहवा ताल, सत्खलवा ताल, बेलघारी कञ्चन ताल, कुम्भरअड्डा ताल, खौसहवा ताल | सम्झना फाँटा वडा ६, बनगैं र कतर्निया वडा ९, खैरेनी वडा ९, बेघारी र सिम्रहुवा, खौसोह्वा गाउँ | |

| पानीका श्रोतहरु (पोखरी, ताल, इनार र डिग बोरिङहरुको विवरण : | वडा नं. | अवस्थिति |
|---|---|---|
| | वडा ९ | |
| जब्दी खेला, राजकुला, औँरी खोला, भादा खोला, जुर पानी खोला | वडा नम्बर ६ को मानपुर, जयनगर र सिउरीया टोल, औँरी वडा ८, वडा नम्बर ९, १०, ११ | |
| माछापोखरी | वडा नम्बर १ को सैलाही, बैरिया गाउँ वडा ४ | |
| मझरा कुला | वडा १ को सबै भेगलाइ छुने | |
| बोरिङ | वडा १ को फुलबारी | |
| ईनार | वडा नंम्बर ४ | |
| भुमिगत सिँचाइ | वडा नम्बर ४ को गेरुवा, घोरपीट्टा, बैरीया, रानीपुर, जगतीया लगाएतका गाउँमा १०० थान बोरिङ गाडीएको | |

**ठाकुरबाबा नगरपालिका :**

| क स | स्थानीय तहको नाम | वडा नं | टोलबस्तीको नाम/ | किसिम |
|---|---|---|---|---|
| १ | ठाकुरबाबा नगरपालिका | १ | खोदाउ गुरुवान टोल<br>डुम्रेनी टाडिपुर टोल<br>डुम्रेनी गैरान टोल<br>डुम्रनेनी सिमलपुर टोल | डिप बोरिङ |
| | | | भुरिगाउ, कट्न्याहन टोल<br>भुरिगाउ सिमलपुर टोल<br>भुरिगाउ, बड्का गाउ टोल | पोखरी |
| २ | ठाकुरबाबा नगरपालिका | २ | कर्मला, प्रतापपुर,<br>बलाती ,सिमा थारुको घर<br>र गेगुवा थारुको घर नजिक | पोखरी |
| | | | अम्रेनी, आम्बासा, कर्मला,<br>खुलपुर, तिनघरुवा, पेरहनी,<br>प्रतापपुर, बेसर्माफाटा ,<br>रानीपुर, सत्घरुवा, सुजनपुर | डिप बोरिङ् |
| ३ | ठाकुरबाबा नगरपालिका | ३ | नेउलापुर, मिर्चैया, गिदरपुर ,<br>मानपुर | पोखरी |
| | | | जुडपानी, मानपुर, गिदरपुर ,<br>मिर्चैया, नेउलापुर, गोदाना , | डिप बोरिङ |
| ४ | ठाकुरबाबा नगरपालिका | ४ | वावनपुर बबई शिशु -<br>आ वि नजिक, बगनाह ,<br>बर्गदा, सैनवार, मैनवार | डिप पोखरी |
| | | | वावनपुर, खैलार, बगनाह ,<br>बर्गदा | डिप बोरिङ |
| ५ | ठाकुरबाबा नगरपालिका | ७ | कालिगौडी, मोहनपुर | पोखरी |
| | | | मुक्तिपुर | डिप बोरिङ |

| क स | स्थानीय तहको नाम | वडा नं | टोलबस्तीको नाम/ | किसिम |
|---|---|---|---|---|
| ६ | ठाकुरबाबा नगरपालिका | ८ | बगैया गाउ, मढेला, | पोखरी |
| ७ | ठाकुरबाबा नगरपालिका | ९ | बानुगाउ, सुर्यपटुवा | पोखरी |
| | | | सल्यानपुर फाटा, बट्कवा टोल | डिप बोरिङ |
| | | | पटकुलो | नहर |
| ८ | ठाकुरबाबा नगरपालिका | ५ | बनकट्टी, बनविर, तकिया , गोविन्दपुर | पोखरी |
| | | | गोविन्दपुर,तकिया, बन्कट्टी, बनविरपुर, शाहीपुर, ढुङ्ग्रहवा | डिप बोरिङ |

**मधुबन नगरपालिका :**

| पानीका श्रोतहरु (पोखरी, ताल, इनार र डिग बोरिङहरुको विवरण : | वडा नं. | अवस्थिति |
|---|---|---|
| ओराही खोला, कर्णाली भँगालो, डल्ला होमस्टे पोखरी १ वटा, डिगबोरि ५ वटा, कर्णालीको कुलोहरु | १ | |
| १५ वटा व्यक्तिगत माछा पोखरी र बबई नहर, | २ | |
| भगरैया सिमसार ताल, बालकुमारी कृषी माछापोखरी ताल, धनौरा माछा पोखरी, टिका ब.ठारामगरको माछा पोखरी, होम बहादुर चौधरीको माछा पोखरी खाता, मुक्त मकैया बस्तीमा रहेको डिगबोरिङ, भगाहा खाता पार्क नजिक फिल्डमा रहेको डिगबोरिङ, | ३ | |
| माचडमा हरिहरको २ वटा माछा पोखरी, कालुराम चोधरी १ वटा, बद्रभरियाको सिमसार ताल र देवरानी ताल, बद्रभरियामा रहेका रामकुमार चौधरी, रामसिंह चोधरी, खेम ब.चोधरी, प्रेम चौधरीको माछा पोखरी, मौहवामा रहेको गर्भा चोधरीको माछा पोखरी, बेलवामा राघव चन्दको १० बिगाहामा रहेको माछा पोखरी, बसन्ता नेपालको माछा पोखरी, पतिराम चोधरीको माछा पोखरी, बबइ नहर र प्रतिभा रानाको डिग बोरिङ । | ४ | |
| चिरौटे सामुदायिक बनमा १ वटा ताल, जाडे सामुदायिक बनमा १, श्रीकृष्ण सामुदायिक बनमा १, डिगबोरिङ जाडे १, बबईनदी रामनगर | ५ | |
| श्रीगँडा ताल श्रीगँडाटोल, रामदास थारु, मेवाालाल गौतम, ठाकुर चौधरी, टंक वली, लोकमणी आचार्य, सनत खनाल, प्रताप गुरुङको माछापोखरी, श्रीकैडा टोलमा ३, ३ नं. गाउँमा १ वटा, बबइ नहर, | ६ | |
| ताराताल ताल, वडा कार्यालय छेउको ताल, नमूना कृषि एग्रोको २ पोखरी, गगावस्तीमा रहेको केशी कृषी फर्म माछा पोखरी, वडा कार्यालयम रहेको ५ वटा बोरिङ। | ७ | |
| बबइ नदी, डिगबोरि शिवनगर २ वटा र गणेशपुर १ वटा, पोखरी नभएको | ८ | |
| घिमिरे ताल, ४ वटा डिगबोरि, ७ सानो, बबइनदी | ९ | |

**बढैयाताल गाउँपालिका :**

| पानीका श्रोतहरु (पोखरी, ताल, इनार र डिग बोरिङहरुको विवरण : | वडा नं. | अवस्थिति |
|---|---|---|
| बढैयाताल | ४ र ५ मा अवस्थित | |
| माछापोखरी-५० वटा | वडा नम्बर ३, ४ र ५ | |
| माछापोखरी | वडा नम्बर १ को सैलाही, बैरिया गाउँ वडा ४ | |
| मझरा कुला | वडा १ को सबै भेगलाइ छुने | |
| डिग बोरिङ-४ वटा | वडा १ र २ मा | |

## अनुसूची-२ सुरक्षा यूनिटहरुको विवरणः

| सि.नं. | प्रहरी ईकाईको नाम | दर्जा | नामथर | कार्यालयको CUG नम्वर | ईन्चार्जको मोबाई नं. |
|---|---|---|---|---|---|
| १ | जि.प्र.का.वर्दिया | प्र.उ. | सुधिर राज शाही | ९८५८०९०१०१ | ९८५१०४०६५१ |
| २ | स.प्र.से.वर्दिया | प्र.स.नि. | गंग बहादुर बिष्ट | ९८६९९६८६९९ | ९८४८०९६०२९ |
| ३ | का.सु.गार्ड वर्दिया | प्र.ब.ना.नि. | प्रदिप कार्की | ९८६९९६८८८९ | ९८४८०४६३२३ |
| ४ | प्र.चौ.महम्मदपुर बर्दिया | प्र.ना.नि. | यज्ञराज भट्ट | ९८६९९६८६८८ | ९८६८६९२४३६ |
| ५ | प्र.चौ.खैरापुर (क) बर्दिया | प्र.स.नि. | बेगम बहादुर के.सी. | ९८६९९६८६९० | ९८४८२८७१४८ |
| ६ | प्र.चौ.खैरापुर (ख) बर्दिया | प्र.स.नि. | अब्दुल कलाँम खाँ | ९८६९९६८६९८ | ९८४४८८४३६४ |
| ७ | प्र.चौ.सुरजपुर बर्दिया | प्र.स.नि. | टोप बहादुर वली | ९८६९९६८६८९ | ९८४७२८९७२४ |
| ८ | ई.प्र.का. मथुरा बर्दिया | प्र.ना.नि. | तेज बहादुर खड्का | ९८६९९६८६९७ | ९७४५४९७४४६ |
| ९ | प्र.जि.अ.नि.गार्ड प्रशासन कार्यालय बर्दिया | प्र.स.नि. | भिम बहादुर रावत | ९८६९९६८६९३ | ९८५७८९०६९९ |
| १० | जि.अ.स. तथा सु.प्र.ई. बर्दिया | प्र.स.नि. | लिल बहादुर राना | ९८६९९६८६९४ | ९८५७०९०३७१ |
| ११ | राधाकृष्ण चोक अस्थायी बिट बर्दिया | प्र.स.नि. | भानुभक्त गुरुङ | ९८६९९६८६९२ | ९८६८०३६३३२ |
| १२ | ई.प्र.का.राजापुर | प्र.ना.उ | प्रकाश सापकोटा | ९८५८०९०५३० | ९८५१२८७५७२ |
| १३ | ई.प्र.का. गोडियाना बर्दिया | प्र.स.नि. | धर्म बहादुर बुढाक्षेत्री | ९८५८०९०५४१ | ९८०२५३६७७२ |
| १४ | प्र.चौ.खैरिचन्दनपुर | प्र.स.नि. | टिकाराम चौधरी | ९८५८०९०५२० | ९८१२४९०९७७ |
| १५ | प्र.चौ.भिम्मापुर बर्दिया | प्र.ना.नि. | शंकर चौधरी | ९८५८०९०५२१ | ९८६८७७०२७३ |
| १६ | अ.प्र.पोष्ट बालाबजार नयाँगाउ बर्दिया | प्र.स.नि | बिक्रम डगौरा | | ९८४८४४४०२१ |
| १७ | ई.प्र.का.मैनापोखर बर्दिया | प्र.नि. | कमल क्षेत्री | ९८५८०९०५३१ | ९८५१२९४९१४ |
| १८ | प्र.चौ.जमुनी बर्दिया | प्रबनानि | मणिराज भट्ट | ९८६९९६८८९० | ९८४८४८९७२७ |
| १९ | प्र.चौ.कालिका बर्दिया | प्र.स.नि. | गोबिन्द बहादुर राना | ९८५८०९०५१६ | ९८४८०७३३२४ |
| २० | प्र.चौ.शितलाबजार बर्दिया | प्र.स.नि. | अनकमान बि.एम | ९८५८०४३१०० | ९८६८६११६०० |
| २१ | ई.प्र.का.वग्नाहा भुरिगाउ | प्र.नि. | पवन पछाई | ९८५८०४३०७७ | ९८६७३४६९१५ |
| २२ | प्र.चौ.सुर्यपटुवा | प्र.स.नि. | टेक बहादुर सुनार | ९८५८०९०५२३ | ९८४८०९२१६३ |
| २३ | अ.प्र.पोष्ट ठाकुरद्वारा | प्र.ना.नि. | टेक बहादुर बिष्ट | ९८६९९६८६९५ | ९८६९७०६२०२ |
| २४ | अ.प्र.पोष्ट बकुवा | प्र.स.नि. | बिष्णु प्रसाद लामिछाने | ९८५८०३५१६६ | ९८६६६३३११८ |
| २५ | ई.प्र.का.बानियाभार | प्र.नि. | हरिहर खड्का क्षेत्री | ९८५८०९०१०५ | ९८४१६३९८८२ |
| २६ | ई.प्र.का.जयनगर | प्र.ब.ना.नि. | राजेश सिंह धामी | ९८५८०९०५३४ | ९८६८५४१३७५ |
| २७ | ई.प्र.का.मोतिपुर | प्र.नि. | सन्तोष चन्द | ९८५८०९०३२२ | ९८५७८९०३७६ |
| २८ | प्र.चौ.कतर्नियाघाट | प्र.स.नि. | खगेन्द्र कुमार खत्री | ९८५८०९१३३३ | ९८४१७१७०८४ |
| २९ | प्र.चौ. लक्ष्मणा | प्र.स.नि | भिम बहादुर वली | ९८६४२८३२६५ | ९८६८२२६०८० |
| ३० | प्र.चौ.चेपाङ् | प्र.स.नि. | दिनेश चदारा | ९८६९५४७६७० | ९८६८१२८२६० |
| ३१ | अं.प्र.पोष्ट ककौरा | प्र.ह. | हरि दमाई | ९८६९९६८६९६ | ९८४७२९०२८५ |

| सि.नं. | प्रहरी ईकाईको नाम | दर्जा | नामथर | कार्यालयको CUG नम्वर | ईन्चार्जको मोबाई नं. |
|---|---|---|---|---|---|
| ३२ | ईलाका प्रहरी कार्यालय, ढोढरी, बर्दिया | प्र.नि. | मोहनजंग बुढथापा | ९८५८०९०१०९ | ९८५८५९०१११ |
| ३३ | ई.प्र.का.सानोश्री | प्र.ब.ना.नि. | जिबन बहादुर सिंह | ९८५८०९०५३९ | ९८५१०४२८५५ |
| ३४ | प्र.चौ.ताराताल बर्दिया | प्र.स.नि. | रुद्र बहादुर खत्री | ९८६९९६८६९१ | ९८६८०३६८०८ |
| ३५ | प्र.चौकी कोठियाघाट | प्र.ना.नि. | जोरा सिंह अधिकारी | ९८५८०९०५२५ | ९८४०११२१२७ |
| ३६ | प्र.चौकी धनौरा | प्र.स.नि. | डिल बहादुर गिरी | ९८५८०९०५१९ | ९८५७८९०४७२ |
| ३७ | ईलाका प्रहरी कार्यालय पाताभार,बर्दिया | प्र.नि. | निराजन सुनार | ९८५८०९०५३२ | ९८४३०११७४२ |
| ३८ | प्रहरी चौकी मनाउ ,बर्दिया | प्र.स.नि. | हरि बाहदुर पाण्डे | ९८५८०९०५२२ | ९८४४८४१२२२ |
| ३९ | प्रहरी चौकी पशुपतिनगर,बर्दिया | प्र.स.नि. | भरत बहादुर सारु मगर | ९८५८०४७१०० | ९८१५५५००७७ |

**जिल्लामा रहेका नेपाली सेनाका सम्पर्क सूची :**

| क.सं. | कार्यालयको नाम | दर्जा | प्रमुखको नाम | कार्यालयको फोन नं. | मोवाईल नं. |
|---|---|---|---|---|---|
| १ | देविदत्त गण, ठाकुरद्वारा | प्रमुख सेनानी | हिमालय थापा | ०८४४२००४ | ९८५१२१३९४६ |
| २ | बज्रदल गण, सुरक्षा गुल्म गुलरिया | सेनानी | सुबोध कुवर | ०८४४२०६१० | ९८५८०२५१७० |

**देविदत्त गण अर्न्तगत सुरक्षा पोष्टहरुमा भएका कमाण्डीङ पोष्ट विवरण :**

| निकुञ्ज/आरक्ष | तैनाथ युनिट | कमाण्डर | सम्पर्क नम्बर |
|---|---|---|---|
| श्री बर्दिया राष्ट्रिय निकुञ्ज | गण हे.क्वा. | प्रमुख सेनानी हिमालय थापा | ९८५१२१३९४६ |
| | "क" गूल्म रम्भापूर | सेनानी चतुर बहादुर लिम्बु | ९८६२२८३८८२ |
| | सू.पोष्ट बेतहनी | सु. सोम बहादुर तामाङ्ग | ९८४८०१४४८१ |
| | सू.पोष्ट थूमनी | जम. बसन्त कुमार श्रेष्ठ | ९८४१२२७६०२ |
| | सू.पोष्ट भासताल | जम न्युटन चौधरी | ९८४४८९८५११ |
| | सू.पोष्ट ढकेला | गु.प्र.हु. हरि कुमार राई | ९८४६१८४६९७ |
| | सू.पोष्ट परेवाओडार | | |
| | "ख" गूल्म कर्णाली | | |
| | सू.पोष्ट लघूनामचान | | |
| | सू.पोष्ट बञ्जरीया | सह सेनानी ऋषिराज न्यौपाने | ९८५५०५३९३५ |
| | सू.पोष्ट गैंडामचान | | |
| | सू.पोष्ट बनखेत | गु.प्र.हु. भरत कुमार कार्की | ९७४२२१८३८० |

| निकुञ्ज/आरक्ष | तैनाथ युनिट | कमाण्डर | सम्पर्क नम्बर |
|---|---|---|---|
| | सू.पोष्ट हात्तिमचान | | |
| | सू.पोष्ट ओखरिया | | |
| | "ग" गूल्म गूठी | | |
| | सू.पोष्ट हर्रे | | |
| | सू.पोष्ट सोतखोला | | |
| | सू.पोष्ट चेपाङ्ग | | |
| | सू.पोष्ट ठूलोश्री | | |
| | सू.पोष्ट कालीनारा | | |
| | सू.पोष्ट लामिदमार | | |
| | सू.पोष्ट वासपानी | | |
| | सू.वेश शिवपूर | | |
| | सू.पोष्ट रातामाटा | | |
| | "घ" गूल्म अम्रेनी | सेनानी हिम्मत बलाल | ९८६६९३०१२१ |
| | सू.पोष्ट सैनावार | जम. उमेश कार्की | ९८४६१५२८३४ |
| | सू.पोष्ट भूरिगाउं | गु.का.हु. महेश सिहं कार्की | ९८४६१०५१४० |
| | सू.पोष्ट खयरभट्टि | | |
| | सू.पोष्ट ढाडबास | | |
| | सू.पोष्ट डल्ला | उप सेनानी बासुँदेव बानियाँ | ९८६५३६६९७० |
| | सू.पोष्ट राजकाडा | जम. आदुत सिंह राई | ९८४६३११२७२ |
| | सू पोष्ट लालमटिया | | |
| नोटः-श्री देवीदत्त गण अन्तरगत रहेका सरक्षा गुल्म तथा पोष्ट पतिहरु आबश्यक अनुसार अदलिबदलि हुने भएकोले आबश्यक लागि यस गण कार्यालयको सम्पर्क नं.084-402004 र अपरेशन अधिकृत 9851278382 मा सम्पर्क गर्नु हुन अनुरोध । | | | |

**सशस्त्र प्रहरी बल नं. ३१ गण हे.क्या.वः**

| सि.नं. | स.प्र.बल नेपालका ईकाईहरु | कार्यालय प्रमुखको नाम | सम्पर्क नं. | युनिटको रहेको ठेगाना |
|---|---|---|---|---|
| १. | नं.३१ गण हे. क्वा. बर्दिया | सप्रउ हर्क बहादुर शाही | ९८५१२७२११८ | गुलरिया न.पा.८ सुरजपुर |
| २. | बिओपि फुटाहा जमुनी | सप्रनि हेम कुमार पौडेल | ९८४४५३६०६५ | बढैयाताल गा.पा.२ जमुनी |
| ३. | बिओपि कण्ठपुर | सप्रनि गोपाल पोखेल | ९८५४०३१५७० | बढैयाताल गा.पा.८ कण्ठपुर |
| ४. | बिओपि कालबन्जार | सप्रनि शशिराम भारती | ९८५१२५९५७१ | गुलरिया न.पा.९ खालिपुर |

| सि.नं. | स.प्र.बल नेपालका ईकाईहरु | कार्यालय प्रमुखको नाम | सम्पर्क नं. | युनिटको रहेको ठेगाना |
|---|---|---|---|---|
| ५. | बिओपि कट्टी बर्दिया | सप्रनि कृष्ण प्रसाद पौडेल | ९८५१२५८०९४ | गुलरिया न.पा.३ कट्टी |
| ६. | बिओपि धर्मवस्ती | सप्रनानि सहविर बि.क. | ९८४७८४८००४ | मधुवन न.पा.९ धर्मवस्ती |
| ७. | बिओपि मधुवन धनौरा बर्दिया | सप्रनानि डिल बहादुर नेपाली | ९८६८२१९४५४ | मधुवन न.पा.७ शुक्रबस्ति |
| ८. | बिओपि भगरैया बर्दिया | सप्रनि किरण के.सी. | ९८४१३६१४७६ | मधुवन न.पा.३ भगरैया |
| ९. | बिओपि राजापुर बर्दिया | सप्रनि उपेन्द्र बहादुर टेर | ९८६०४३९३६८ | राजापुर न.पा.४ राजपुर |
| १०. | सुरक्षा बेश कतर्निया | सप्रनि काजीराम श्रेष्ठ | ९८५१२५९६७६ | बारबर्दिया न.पा.९ कतर्निया |
| ११. | सुरक्षा बेश सानोश्री | सप्रनानि मोतिराज अधिकारी | ९८४२२४१८८४ | मधुवन न.पा.७ सानोश्री |
| १२. | आई.आर.टि. पोष्ट मानखोला | सप्रनानि भिम बहादुर वली | ९८०२५३९८८५ | बढैयाताल गा.पा.३ मानखोला |
| १३. | फरवार्ड बेश फुटाहा | सनानि टेक बहादुर चन्द | ९८०१६०८६४५ | बढैयाताल गा.पा.२ फुटाहा |
| १४. | फरवार्ड बेश शक्तिपुर | सप्रसनि टोप बहादुर आले | ९८४२७१८८१५ | मधुवन न.पा.५ शक्तिपुर |
| १५. | फरवार्ड बेश धनौरा | सप्रसनि मगरु चिजमान थारु | ९८०२५३३६५१ | मधुवन न.पा.३ धनौरा |
| १६. | फरवार्ड बेश झप्टी | सप्रसनि कल्लु थारु | ९८४८१०१९३७ | राजापुर न.पा.१० झप्टी |
| १७. | फरवार्ड बेश मानपुर टपरा | सप्रसनि हिम बहादुर चन्द | ९८०२५१००४४ | राजापुर न.पा.९ ईश्वरीगंज |

*विपद्‌बाट कहीं कसैको क्षति हुन नदिन सबै तहको सरकारले आवश्यक कदम चाल्न त जरूरी छ नै, हामी नागरिकले पनि आफ्नो सानो गल्तीले धेरै ठूलो क्षति हुनसक्नेतर्फ सचेत भई सरोकारवाला निकायबाट स्वीकृत मापदण्डको कार्यान्वियन र आगलागी नियन्त्रणमा सम्बन्धित पक्षसँग सहकार्य गर्न उत्तिकै आवश्यक छ ।*

*सबै स्थानीय तहमा स्थानीय विपद् व्यवस्थापन केन्द्रलाई सक्रिय गराई सञ्चालन गर्न सके लागत घट्ने, सूचना प्रसार चुस्त हुने तथा आगलागीको प्रतिक्रिया समय घट्नेछ । मानौं, बर्दिया जिल्लाका सबै नगरपालिका/गाउँपालिका मिलेर आगलागी भएको सूचना एक ठाउँबाट लिने र कहाँ आगलागी भएको हो त्यही क्षेत्रका दमकललाई सिधै सूचना दिने व्यवस्था हुने हो भने आगलागी नियन्त्रण प्रभावकारी हुनेमा दुईमत नहोला ।*

## अनुसूची-३ स्वास्थ्य कार्यालय तथा केन्द्रहरुको विवरणः

| स्थानीय तह | स्वास्थ्य संस्थाको नाम | स्वास्थ्य संस्था प्रमुखको नाम | पद | सम्पर्क नं. |
|---|---|---|---|---|
| गुलरिया नगरपालिका | स्वास्थ्य शाखा प्रमुख | सुनिल कुमार पाण्डे | ज.स्वा.अ. | ९८४८०२४७०२ |
| | खैरापुर स्वा.चौ. | जनक नाथ योगी | ज.स्वा.नि. | ९८४१०१९८३५ |
| | आ.स्वा.के.पण्डीतपुर | आशा परियार | हे.अ. | ९८४२६५५६५८ |
| | आ.स्वा.के.कटी | रविन सुर्यवंशी | अ.हे.व. | ९८४८१४५४२९ |
| | आ.स्वा.के.तुलसीपुर | रश्मी के.सी. | हे.अ. | ९८६९५५६७८२ |
| | आ.स्वा.के.बालापुर | जित बहादुर श्रेष्ठ | हे.अ. | ९८४८०३४२२८ |
| | आ.स्वा.के.गुलरिया | दिपा ज्ञवाली | अ.हे.व. | ९८६७१०२०८७ |
| | आ.स्वा.के.चौगुर्जी | प्रिया यादव | अ.हे.व. | ९८६९९७५८५६ |
| | आ.स्वा.के.आशापुर | ईच्छा यादव | अ.हे.व. | ९८६६७६०६२० |
| | मथुराहरद्वार स्वा.चौ. | कमल भट्टराई | ज.स्वा.नि. | ९८५८०४६३६५ |
| | आ.स्वा.के.कालाबन्जर | कश्यप अधिकारी | हे.अ. | ९८४५६१४६५९ |
| | आ.स्वा.के.कटी लालपुर | आफरोज खान | अ.हे.व. | ९८४८०२२१०९ |
| | मोहम्मदपुर स्वा.चौ. | नारायण प्रसाद पोखरेल | ज.स्वा.नि. | ९८४८०७९४८९ |
| बारबर्दिया नगरपालिका | स्वास्थ्य शाखा प्रमुख | डिल्लीराज शर्मा | ज.स्वा.नि. | ९८४४८४१०५३ |
| | आ.स्वा.के.पहाडीपुर | लाल बहादुर चौधरी | सि.अ.हे.व. | ९८०४५४०९०३ |
| | आ.स्वा.के.कुमरागाउँ | रामेश्वर थारु | सि.अ.हे.व. | ९८०४५४५४५० |
| | बनियाभार स्वा.चौ. | मधु ज्ञवाली | ज.स्वा.नि. | ९८४८०२३६५९ |
| | पदनाहा स्वा.चौ. | रमेश पौडेल | सि.अ.हे.व.अ. | ९८६४९६९७०६ |
| | आ.स्वा.के.जवदहवा | कमल आचार्य | सि.अ.हे.व.अ. | ९८४८१५४३६८ |
| | आर.सि.अस्पताल | डा.दक्षता यादव | मे.अ. | ९८६१४९३८४६ |
| | आ.स्वा.के.सिउनिया | सुमित थारु | | ९८४४८८९१६८ |
| | आ.स्वा.के.थानफेना | अजय थारु | | ९८६६९७४९६७ |
| | आ.स्वा.के.कतर्निया | राम कुमार पाण्डे | | ९८६८९१५८०० |
| | धधवार स्वा.चौ. | जंग बहादुर चौधरी | | ९८४८०२७६८५ |
| | आ.स्वा.के.लम्कीफाँटा | हरिश कुमार डि.सी. | | ९८४८३७१७९७ |
| राजापुर नगरपालिका | स्वास्थ्य शाखा प्रमुख | गणेश प्रसाद अर्याल | | ९८४८०६५२९७ |
| | दौलतपुर स्वास्थ्य चौकी | केशर बहादुर सिंह | | ९८४८४४३३९६ |

| स्थानीय तह | स्वास्थ्य संस्थाको नाम | स्वास्थ्य संस्था प्रमुखको नाम | पद | सम्पर्क नं. |
|---|---|---|---|---|
| | नयाँगाउ स्वास्थ्य चौकी | भुपेन्द्र चौधरी | | ९८४८०७३१५१ |
| | प्रयागपुर आ.स्वा.के. | ईन्द्रजित चौधरी | | ९८४९५११५९१ |
| | राजापुर प्रा.स्वा.के. | डा.आलोक कुमार झा | | ९७४९७५६३०३ |
| | बदालपुर स्वा.चौ. | तेज बहादुर थारु | | ९८६८१११४१३ |
| | न.स्वा.के.त्रिवेणीवजार | सरोज चौधरी | | ९८४१८७९९२१ |
| | मानपुर टपरा स्वा.चौ. | डिल्ल प्रसाद खनाल | | ९८४४८२२४३२ |
| | रामपुर आ.स्वा.के. | प्रेम चौधरी | | ९७४७६०४५५५ |
| | धोविनपुर आ.स्वा.के. | सुरेश कुमार चौधरी | | ९८४८०६६६१० |
| | भिम्मापुर स्वा.चौ. | राजेन्द्र शाह | | ९८४८८९०१९८ |
| | खैरी चन्दनपुर स्वा.चौ. | गंगाराम चौधरी | | ९८४९६५१११५ |
| बाँसगढी नगरपालिका | स्वास्थ्य शाखा प्रमुख | घन श्याम के.सी. | | ९८४४८२०२५५ |
| | आ.स्वा.के.चेपाङ्ग | पुष्पा सिंह ठकुरी | | ९८४२६७०४६८ |
| | बेलवा स्वा.चौ. | हरिहर तिवारी | | ९८५८०२१७७४ |
| | न.स्वा.के.राँझा | विनिता भट्टराई | | ९८६३३१७०१९ |
| | आ.स्वा.के.पुष्पनगर | लालबीर सार्की | | ९८४८३५९४०१ |
| | आ.स्वा.के.बठुवा | सागर थारु | | ९८६६७१९०३१ |
| | आधारभुत अस्पताल बाँसगढी | डा.प्रेम वली | | ९८४३६४९१५५ |
| | मोतीपुर स्वा.चौ. | जानकी गिरी | | ९८६८०२४५९१ |
| | आ.स्वा.के.दमौली | गणेश थारु | | ९८६६७१९०२९ |
| | डेउढाकला स्वा.चौ. | हुमनाथ देवकोटा | | ९८४८०७००२३ |
| | आ.स्वा.के.ककौरा | राम कुमार थारु | | ९८६६७१६२१४ |
| | आ.स्वा.के.माछागढ | सरोज पौडेल | | ९८४८२२११२८ |
| | न.स्वा.के.थुमनी | चेता शाह | | ९८६६८४१२९० |
| मधुवन नगरपालिका | स्वास्थ्य शाखा प्रमुख | गिता घिमिरे | | ९८४४७५८८२२ |
| | सुर्यपटुवा स्वा.चौ. | पुर्ण बहादुर न्यौपाने | | ९८५८०२६२६५ |
| | आ.स्वा.के.फुलबारी | पुनम थारु | | ९८२५५९२६२७ |
| | आ.स्वा.के.बालकुमारी | नवराज भण्डारी | | ९८४४४५२७९८ |
| | ढोढरी स्वा.चौ. | टंक प्रसाद गडतौला | | ९८५८०५९२६१ |
| | आ.स्वा.के.शक्तिपुर | अर्जुन बि.क. | | ९८६६५३७०६१ |

| स्थानीय तह | स्वास्थ्य संस्थाको नाम | स्वास्थ्य संस्था प्रमुखको नाम | पद | सम्पर्क नं. |
|---|---|---|---|---|
| | सानोश्री स्वा.चौ. | गोविन्दराज गिरी | | ९८६४९०८७७३ |
| | ताराताल स्वा.चौ. | केशव प्रसाद महतो | | ९८४८०३४२९१ |
| | आ.स्वा.के.दुर्गापुर | विशाल राजी | | ९८६४८२००९० |
| | आ.स्वा.के.धर्मवस्ती | ज्ञानेन्द्र पाण्डे | | ९७४४२६१७३० |
| ठाकुरबाबा नगरपालिका | स्वास्थ्य शाखा प्रमुख | ईन्द्र बहादुर राजवंशी | | ९८५८०२५००२ |
| | स्वा.चौ.नेउलापुर | राजेन्द्र प्रसाद सुवेदी | | ९८६८००५२४७ |
| | आ.स्वा.के.रानीपुर | मोहन सापकोटा | | ९८४८२६०५३७ |
| | आ.स्वा.के.गोदाना | उद्धव राज शर्मा | | ९८६७६९०४५६ |
| | स्वा.चौ.बगनाहा | ओम बहादुर चुनारा | | ९८६८२२०३११ |
| | आ.स्वा.के.बन्कट्टी | सर्प सिंह साउद | | ९८६८९०३०८५ |
| | स्वा.चौ.शिवपुर | सुरेश चौधरी | | ९८४८०८१७३३ |
| | आ.स्वा.के.मोहनपुर | उषा थारु | | ९८४८०४१४११ |
| | स्वा.चौ.ठाकुरद्वारा | कृपाराम गडतौला | | ९८६६८०१७५० |
| | आ.स्वा.के.ठाकुरद्वारा | लक्ष्मी वडुवाल | | ९८६४९०१८०८ |
| बढैयाताल गाउँपालिका | स्वास्थ्य शाखा प्रमुख | विष्णु पौडेल | | ९८५८०२००७९ |
| | आ.स्वा.के.डाँफे | सकुन्तला बि.क. | | ९८४८१८०१७५ |
| | स्वा.चौ.जमुनी | चेत नारायण काफ्ले | | ९८५८०२४५९० |
| | प्रा.स्वा.के.सोरहवा | डा. दिव्या शर्मा | | ९८६००५१४९१ |
| | आ.स्वा.के.खैरेनी | निशा थारु | | ९८२२५५५२०६ |
| | आ.स्वा.के.बढैया | किरण के.सी. | | ९८४५९५३१०२ |
| | स्वा.चौ.मैनापोखर | टोल प्रसाद लामिछाने | | ९८५८०२५३७५ |
| | आ.स्वा.के.तिल्काना | अनिता अधिकारी | | ९८६८३८५२२२ |
| | स्वा.चौ.कालिका | राजेन्द्र बहादुर थापा | | ९८४८०२५०१७ |
| | आ.स्वा.के.टेशनपुर | अनुप सिंह थारु | | ९८००५६५३४८ |
| गेरुवा गाउँपालिका | स्वास्थ्य शाखा प्रमुख | नारायण प्रसाद भण्डारी | | ९८४८४४९१३४ |
| | आ.स्वा.के.वगहीपुर | महेश चौधरी | | ९८६८२६३१११ |
| | आ.स्वा.के.पाताभार | अशोक वैद्य | | ९८५८०५८९१० |
| | पाताभार स्वा.चौ. | भुपेन्द्र बहादुर शाही | | ९८६६७५०१६५ |
| | गोला स्वा.चौ. | बसन्ती मल्ल | | ९८६८५६४६२९ |

| स्थानीय तह | स्वास्थ्य संस्थाको नाम | स्वास्थ्य संस्था प्रमुखको नाम | पद | सम्पर्क नं. |
|---|---|---|---|---|
| | पशुपतिनगर स्वा.चौ. | सोम प्रसाद चौधरी | | ९८४८२९६६७७ |
| | मनाउ स्वा.चौ. | राजेन्द्र प्रसाद शाह | | ९८५८०२०२९५ |

## अनुसूची-४ नेपाल रेडक्रस सोसाइटीको शाखाहरुको विवरणः

| स्थानीय तह | वडा संख्या | उपशाखाको नाम | वडा नं. | सभापतिको नाम | सम्पर्क नं. |
|---|---|---|---|---|---|
| गुलरिया न.पा. | १२ | गुलरिया क उपशाखा<br>गुलरिया ख उपशाखा | १ देखि ७<br>८ देखि १२ | देवेन्द्रराज सिग्देल<br>नियाज अहमद शेष | ९८४४८४१२५३<br>९८५८०३१९९८ |
| मधुवन न.पा. | ८ | मधुवन क उपशाखा<br>मधुवन ख उपशाखा | १ देखि ४<br>५ देखि ८ | पशुपति श्रेष्ठ<br>अम्बर ब. के.सी. | ९८१९५८४२९१<br>९८४८१८७१९२ |
| राजापुर न.पा. | १० | राजापुर क उपशाखा<br>राजापुर ख उपशाखा | १,२,३,४,७,८<br>५,६,९,१० | खुमराज पौडेल<br>जर्नादन प्र. अधिकारी | ९८६६७६३६१८<br>९८६६७५४०४० |
| ठाकुरबाबा न.पा. | ९ | ठाकुरबाबा उपशाखा | १ देखि ९ | यज्ञ ब. नेपाल | ९८५८०३०१२४ |
| बाँसगढी न.पा. | ९ | बाशगढी उपशाखा | १ देखि ९ | नारायण प्र. शर्मा | ९८५८०२६३६६ |
| बारबर्दिया न.पा. | ११ | बारबर्दिया उपशाखा | १ देखि ११ | श्रीराम चौधरी | ९८४८३७४४४८ |
| बढैयाताल गा.पा. | ९ | बढैयाताल उपशाखा | १ देखि ९ | बेणीमाधव पौडेल | ९८४८०२५९९५ |
| गेरुवा गा.पा. | ६ | गेरुवा उपशाखा | १ देखि ६ | नरेन्द्र प्रसाद पाण्डे | ९८४८४९०८२५ |

## अनुसूची-५ जिल्लामा संचालनमा रहेका एम्बुलेन्सहरुको विवरणः

| Palika | Ward | HF | Driver | | Condition |
|---|---|---|---|---|---|
| | | | Name | Contact No | |
| Gulariya | 5 | Nepal Red Cross Society | Dayal Das Tharu | 9868141412 | Functional |
| | 6 | Bardiya Hospital | Shyam Prasad Chaudhary | 9848066312 | Functional |
| | 6 | Bardiya Hospital | Kiran Prasad Kurmi | 9819515546 | Functional |
| | 12 | Mohammadpur HP | Khidulal Chaudhary | 9848217391 | Functional |
| Madhuwan | 1 | Suryapatuwa HP | Ramphal Tharu | 9864971480 | Functional |

| Palika | Ward | HF | Driver | | Condition |
|---|---|---|---|---|---|
| | | | Name | Contact No | |
| | 3 | Maya Sadan Clinic | Ramesh Tharu | 9800510302 | Functional |
| | 6 | Nepal Red Cross Society | Ram Chandra Chaudhary | 9848200722 | Functional |
| | 6 | Nepal Red Cross Society | Ashok Tharu | 9868250925 | Functional |
| | 6 | Bagalamukhi Cooperative | Phiruwa Tharu | 9848083984 | Functional |
| | 7 | Taratal HP | Bel Bahadur Chhetri | 9868960497 | Functional |
| Rajapur | 2 | Sahid Pratishthan Nayagaun | Chandra Bahadur Tharu | 9858027645 | Functional |
| | 4 | Rajapur PHC | Chandrika Lohati | 9868106980 | Functional |
| | 4 | Mansarobar Polyclinic | Sajjan Tharu Chaudhary | 9868021072 | Functional |
| | 4 | Mansarobar Polyclinic | | | Non Functional |
| | 6 | Yunic Nepal | Dipulal Tharu | 9848067470 | Functional |
| | 6 | Manpur Tapara HP | Prabin Chaudhary | 9866641307 | Functional |
| | 8 | Nepal Red Cross Society | | | Non Functional |
| | 10 | Nepal Red Cross Society | Raj Kumar Chaudhary | 9868141413 | Functional |
| Geruwa | 3 | Geruwa RM | Amar Rokaya | 9840485304 | Functional |
| Thakurbaba | 1 | Neulapur HP | Bhiseram Tharu | 9848145066 | Functional |
| | 1 | KP Polyclinic | Jayandra Thapa | 9848516855 | Functional |
| | 8 | Thakurdwara HP | Kulram Tharu | 9869519100 | Functional |
| Barbardiya | 4 | Padnaha HP | Ansuman Tharu | 9869968910 | Functional |
| | 6 | Nepal Red Cross Society | Bishnu Narayan Tharu | 9848254082 | On Process |
| | 8 | Buddhabhumi Nepal | Ashok KC | 9802525858 | Functional |
| | 10 | Dhadhawar HP | Jangali Tharu | 9869966801 | Functional |
| Bansgadhi | 5 | Nagar Hospital Bansgadhi | | | On Process |
| | 8 | Tribhuvan Librery | | | Non Functional |
| | 3 | Aichopaicho Agro Cooperative | Jwala Prasad Upadhya | 9864345919 | Functional |
| Badhaiyatal | 3 | Sorahawa PHC | Amir Hasan Ansari | 9812597558 | Functional |


## अनुसूची-६ विपद् व्यवस्थापनका क्षेत्रमा काम गर्ने संघसंस्थाहरुको विवरणः

| क्र.स | कार्यालय/निकाय | प्रमुखको नाम | सम्पर्क नं. | फोकल व्यक्ति | सर्म्पक नम्वर |
|---|---|---|---|---|---|
| १ | नेपाल रेडक्रस सोसाइटी | कृष्ण प्रसाद गौतम | ९८५८०३२७४९ | हरी केशी | ९८५८०२७१७७ |
| २ | गैसस महासंघ | प्रिज्मासिह थारु | ९८५८०२१४५७ | प्रिज्मासिह थारु | ९८५८०२१४५७ |
| ३ | नेपाल पत्रकार महासंघ | यादव आचार्य | ९८४८०२७५५४ | भावुक योगी | ९८५८०५०९६१ |
| ४ | युनिसेफ | राजेश मगर | ९८५११५९१३५ | रुद्र खड्का | ९८५५०५६२८६ |
| ५ | विश्व खाद्य कार्यक्रम | पदम शाही | ९८४८०२९६४० | पन्नमान महर्जन | ९८५१०३०३०८ |
| ६ | एक्सन एड् नेपाल | विष्णु पौडेल | ९८५५०५४४९० | सुनिता तिवारी | ९८४६०६४६७७ |
| ७ | राधाकृष्ण थारु जनसेवा केन्द्र | दिनेश श्रेष्ठ | ९८४८०२६२४६ | दिनेश श्रेष्ठ | ९८४८०२६२४६ |
| ८ | थारु महिला उत्थान केन्द्र | प्रिज्मासिह थारु | ९८५८०२१४५७ | प्रिज्मासिह थारु | ९८५८०२१४५७ |
| ९ | प्लान नेपाल | मिना पराजुली | ९८०२०२०४६९ | दुर्गा कुमारी क्षेत्री | ९८४८०२९७०० |
| १० | कमैया महिला जागरण समाज | बिरुणी थारु | ९८६६८९८८९२ | जितराम थारु | ९८४८०५६६७७ |

| क्र.स | कार्यालय/निकाय | प्रमुखको नाम | सम्पर्क नं. | फोकल व्यक्ति | सर्म्पक नम्वर |
|---|---|---|---|---|---|
| | नेपाल | | | | |
| ११ | जनजागरण महिला संघ | गोमा शर्मा | ९८४८०२५७१३ | साधना थापा | ९८०२५३५९१६ |
| १२ | सामाजिक विकास तथा अनुसन्धान केन्द्र वाके | लालमणी भण्डारी | ९८५८०२३७१४ | सुरेन्द्र व. ठकुन्ना | ९८६२४६४३९० |
| १३ | कारीतास नेपाल | खम्वसिह वस्नेत | ९८४८०२०७६७ | ठेगराम चौधरी | ९८४८२१९५७४ |
| १४ | वेस बर्दिया | हरिद्धार थारु | ९८४८३७१२०२ | हरिद्धार थारु | ९८४८३७१२०२ |
| १५ | माईति नेपाल | केशव कोइराला | ९८५८०२४२७१ | गायत्री रिमाल | ९८४८२४४४९१ |
| १६ | बाँके यूनेस्को क्लब | सपना शर्मा | ९८४८०२२१५३ | सपना शर्मा | ९८४८०२२१५३ |
| १७ | केएर नेपाल | केशव दत्त भट्ट | ९८४८४२६५४५ | केशव दत्त भट्ट | ९८४८४२६५४५ |
| १८ | भेरी वातावरणिय विशिष्टता समूह-विग्रुप | डम्बर सुनार | ९८५८०६७०१५ | दिनेश चौधरी | ९८४८०२२४९३ |
| १९ | असल छिमेकी नेपाल | तेज शर्मा | ९८४९१२३४७८ | तेज शर्मा | ९८४९१२३४७८ |
| २० | स्याक नेपाल | शिवलाल पाण्डे | ९८५८०२४८८५ | शेषकान्त शर्मा | ९८५८०८३३७० |
| २१ | आड्रा नेपाल | तर्क थापा | ९८५१२१४४३४ | तर्क थापा | ९८५१२१४४३४ |

*आगलागी नियन्त्रणमा भएका प्रयासहरूलाई तथ्याङ्कमा राख्नुपर्छ । कतिबेला खबर आयो, कति समयमा दमकल हिंड्यो, कति समयमा पुग्यो र उद्धारमा कति समय लाग्यो भन्ने विवरण राख्ने व्यवस्थाले भावी योजना निर्माणमा सहयोग गर्छ ।*

## अनुसूची-७ आगलागीजन्य विपद्को समयमा विपद् सूचना संयन्त्र




*आगलागीको विस्तृत अध्ययन गरी कहाँ कहाँ आगलागीको उच्च सम्भावना छ, त्यहाँ आगो निभाउन कस्ता चुनौती आइपर्लान्, पूर्वतयारी कसरी गर्ने, आदि विषयहरू समावेश गरी रणनीति बनाउनु आवश्यक छ ।*

समाप्त